# वालिङ नगरपालिकाको आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम

वालिङ नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

वालिङ,स्याङजा

गण्डकी प्रदेश,  नेपाल

START UP WALING – SMART WALING

## "उत्पादन, रोजगारी र पूर्वाधार : वालिङको विकास र समृद्धिको आधार"

सम्पूर्ण नगरवासीमा हार्दिक अभिवादन।

लोकतन्त्र आफैमा जनमुखी शासन विधि र प्रकिया हो। स्थानीय सरकारले लोकतन्त्रको मूल्य र विधिलाई कानून तर्जुमा, सेवा प्रवाह, विकास र विपद् व्यवस्थापनका माध्यमबाट स्थानीयकरण गरेका छन। नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनी व्यवस्थाले स्थानीय तहलाई नीति निर्माण, विकास व्यवस्थापन, स्रोत संशाधनको परिचालन, सेवा प्रवाह एवं सुशासन र विपद् व्यवस्थापनको कार्यसूची प्रदान गरेका छन। स्थानीय तहमा जनताबाट प्रत्यक्ष निर्वाचित नेतृत्वलाई कार्यकारिणी, विधायकी र न्यायिक अधिकार प्रदान गरी लोकतन्त्रको बैधता र विश्वासलाई जनताकै मन मस्तिष्कबाट अनुमोदन हुने अवसर प्राप्त भएको छ।

यस्तैमा वि सं २०७९ वैशाख ३० गते स्थानीय तहको निर्वाचनमा सामेल भई आफ्नो अमूल्य मताधिकार प्रयोग गरी वालिङ नगरपालिकाको भविष्यको रुपरेखा कोर्ने अभिभारा हाम्रो काँधमा सुम्पनु भएका सम्पूर्ण नगरवासीज्यूहरुप्रति कृतज्ञता प्रकट गर्दछौ। वालिङ नगरको सर्वाङ्गीण विकास मार्फत नगरवासीको हित र कल्याणका लागि गरिएका प्रतिबद्धता र बचनबद्धताप्रति हामी कटिबद्ध छौ। वालिङ नगरपालिकाको गरिमा र ख्यातिलाई थप उचाईमा पुर्याउनुहुने निवर्तमान पदाधिकारीज्यूहरुको योगदान. विकासप्रतिको लगाव, मार्गदर्शनलाई धन्यवाद दिन चाहन्छौ। उहाँहरुको विरासतमा नयाँ खुटकिलो थप्ने प्रण समेत गर्दछौ।

साथै २०७९ वैशाख ३० को निर्वाचनमा अमूल्य मताधिकार दिई वालिङको भावी कार्यभार सुम्पन्नुहुने वालिङवासीप्रति नमन गर्दै जनमुखी शासनको मार्गलाई आत्मसात गर्ने प्रतिज्ञा गर्दछौ। यस निर्वाचनलाई सफल बनाउनुहुने राजनैतिक पार्टीहरु, नागरिक समाज, सुरक्षा कर्मी, कर्मचारी तथा मिडियाकर्मी साथीहरुप्रति पनि सहयोग र सदभावका लागि आभार व्यक्त गर्दछौं। नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्रका लागि भएका विभिन्न आन्दोलनहरुमा आफनो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौ। ती आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजप्रति उच्च सम्मान व्यक्ति गर्दछौं र नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनुभएको उच्च योगदानको पुनः स्मरण गर्न चाहन्छौं।

निर्वाचनकै दिनमा वालिङ वडा नं. १४ तथा त्यसको केही दिन अगाडि वडा नं. १२ मा भएका सवारी दुर्घटनाका कारण अकालमा जीवन गुमाउनु भएका महानुभावहरुको चीर शान्तिको कामना गर्दछौं। साथै घाइते भई उपचारार्थ रहनुभएका महानुभावहरुप्रति स्वास्थ्यलाभको कामना गर्दछौ। सुखमा मात्र होइन, विपद्को बेला पनि हामी नगरवासीहरुसँगै साथसाथमा रहने प्रण गर्दछौं।

अब म नगरपालिकाबाट सम्पादन भएका महत्वपूर्ण क्रियाकलापहरुलाई समीक्षात्मक रुपमा पेश गर्ने अनुमति चाहन्छु ।

- नगरपालिकाबाट आ .व.२०७८/०८९ मा मात्र नगरस्तरीय २३४ तथा वडा स्तरीय योजना र कार्यक्रम ४७० वटा योजना तथा कार्यक्रमहरुको छनोट र कार्यान्वयन भएको कार्य प्रकृतिको विश्लेषण गर्दा वितरणमुखी योजनापद्धतिमा सुधारको आवश्यकता रहेको छ । नगरका कार्यक्रम तथा योजनाहरुलाई स्थानीय गौरवका आयोजना, रणनैतिक योजना, उत्पादनमुखी योजना तथा पहुँचमुखी योजनाको रुपमा विभाजन गरी बहुवर्षीय रुपमा कार्यान्वयन गरेमा उपलब्धि हुने देखिन्छ । साथै नगरको कूल बजेटमा हिस्सामा पुँजीगत बजेटको अंश २७ प्रतिशत मात्र रहेकोमा चालु खर्चलाई वाञ्छित सीमामा राखी पुँजीगत खर्च प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ भने सशर्तका कार्यक्रमको कार्यान्वयन ढाँचा, खरिद प्रणाली तथा मापदण्डमा सुधार आवश्यक छ ।
- वि सं २०७४ देखि हालसम्म तर्जुमा गरिएका नगरपालिकाका ऐन १८, नियमावली ६, कार्यविधि ३०, निर्देशिका ४ वटा तर्जुमा भई कार्यान्वयनमा आएका छन् । संविधानको एकल कार्यसूचीलाई नागरिककै संलग्नता तथा बहस र पैरवीमा आन्तरिकीकरण भए पनि साझा सूचीका कार्यभारको अभिभारालाई ऐन कानून तर्जुमा गरी कार्यान्वयन गर्न बाँकी नै छन । तसर्थ नगरको विधायन समितिको क्षमता विकास गर्दै सरोकारवालाहरुको संयन्त्र निर्माण गरी नागरिकमा कानुनी साक्षरता अभियान सञ्चालन गरी मूल्यपरक (Value based) नीति तर्जुमा पद्धतिलाई तथ्यपरक (Fact based) तथा जनमुखी (People centric ) कार्यप्रणालीमा सुधार गर्नुपर्ने देखिन्छ ।
- वालिङ नगरपालिकाको फोहोरलाई मोहर बनाउने अभियानमा नगरवासीहरुको प्रत्यक्ष सहभागिता रहेको छ । नगरको नेतृत्वमा कार्यान्वयन भइरहेको फोहरमैला केन्द्रलाई स्थानीय गौरवको योजनाको रुपमा रुपान्तरण गरी आन्तरिक आम्दानीको स्रोत मानिएको फोहरमैलाको प्रशोधन तथा पुनर्प्रयोगका लागि प्रविधि तथा ज्ञानको उपयोग गरी थप ब्यवस्थित बनाउन आवश्यक छ ।
- नगरभित्र हाल पूर्ण बेरोजगार १३ प्रतिशत तथा ३२ प्रतिशत अर्ध बेरोजगार जनसंख्याको अवस्थालाई मध्य नजर गर्दा रोजगारी तथा सीप विकासका लागि रोजगार सेवा केन्द्र, लघु उद्यम विकास कार्यक्रम (मेड्पा), सुरक्षीत आप्रवासन परियोजना, उद्दमशीलता प्रबर्द्धन केन्द्रले तालिम र सीप विकासका कार्यक्रम सञ्चालन गरे तापनि यस्ता तालिमको सान्दर्भिकतालाई पुनरावलोकन गरी गरिखाने तथा बजारको माग अनुरुप पुनर्बोध गर्नुपर्ने देखिएको छ । त्यसैले व्यक्तिमा निहित सीप, ज्ञान र क्षमताको उजागर गर्दै स्थानीय आर्थिक समुन्नति र आय आर्जन बढ्ने तालिम तथा सीपमा थप लगानी गर्नु आवश्यक छ ।
- नेपालको संविधानले सुनिश्चित गरेको रोजगारीको हकलाई स्थानीय सरकारले कार्यान्वयन गर्दै वेरोजगारलाई सूचीकृत गरी श्रममूलक रोजगारी दिलाएको छ । वालिङ नगरभित्र यस कार्यक्रममा सूचीकृत संख्या करीब १४०० रहेता पनि अति विपन्न परिवार (करीब ४ प्रतिशत) यस कार्यक्रमको पहुँचबाहिर रहेको छ । तसर्थ यस कार्यक्रमले श्रमको ज्याला भुक्तानीमा जोड दिएको भएतापनि श्रममूलक नागरिकहरुको श्रम र पसिनालाई पर्यटकीय रुट निर्माण, गाउँठाउँको सौन्दर्यकरण, प्राचीन चौतारा, पाटी पौवा, सङ्ग्रहालय संरक्षणमा प्रयोग गरी कार्यक्रमलाई उपलब्धिमूलक बनाउन

आवश्यक छ । यस्ता विपन्न नागरिकको कल्याणका लागि स्वास्थ्य बिमा, श्रमकोष स्थापना तथा श्रम बिमा गर्नु आवश्यक छ ।

- यस नगरपालिकाको बासिन्दामा स्वास्थ्य बीमा कार्यक्रमप्रति आकर्षण देखिदै गएको छ । करीब २५००० नागरिकहरु स्वास्थ्य बिमा अन्तर्गत लाभग्राहीका रुपमा सूचीकृत भएका छन भने करीब १०००० बीमितले स्वास्थ्य सेवा लिएका छन । नगरका नागरिकहरुको स्वास्थ्य बिमाको पहुँचमा ल्याउँदा आर्थिक व्ययभार र लागत बढ्ने हुँदा लाभग्राहीको छनोट र पहुँचको अनुपात मिलान गर्नुपर्ने देखिएको छ र विपन्न नागरिकलाई केन्द्रित भई यस सेवालाई विस्तार गर्नुपर्ने देखिन्छ ।
- नगरले स्वास्थ केन्द्र स्थापना गरी सेवाको विस्तार वडा तहसम्म गरेको छ । तापनि घातक, दीर्घ, सरुवा आदि रोगको पहिचान, उपचार र विस्तारका लागि स्वास्थ्य सेवालाई नागरिककै घरदैलोमा विस्तार गर्न आवश्यक छ । सेवालाई जनताकै मन, मस्तिष्क र हातले छुने, देख्ने र अनुभूत गर्ने गरी स्वास्थ्य सेवालाई घुम्ती तथा घरदैलो (door to door) माध्यमबाट गुणस्तर र पहुँच विस्तार गर्नु जरुरी छ ।
- नगरपालिकाले नगरका बासिन्दाहरुको आर्थिक जीवनमा सकारात्मक परिवर्तन ल्याउनका लागि स्थानीय उत्पादन र बजारीकरणका माग तथा साझेदारीमा आधारित कार्यक्रमहरु लागू गरेको छ । यस खालका कार्यक्रमहरु उत्पादनका क्षेत्रसँग भन्दा पनि माग तथा वितरणमुखी प्रकृति रहेका छन । त्यसैले स्थानीय श्रम तथा स्रोतको उपयोग गरी उत्पादन तथा प्रतिफलसँग जोडिने गरी स्वरोजगार र आम्दानी बढाउन यस्ता कार्यक्रमको ढाँचा र स्वरुपमा आमूल परिवर्तन गर्न आवश्यक छन ।
- नगरभित्रका बासिन्दाहरुमध्ये ६७ प्रतिशत परिवार कुनै न कुनै रुपमा कृषिमा नै आवद्ध छन् । सीमित क्षेत्रमा आलु, मकै, सुन्तला, तरकारी, गहुँका क्षेत्रहरुलाई पकेट कार्यक्रमका रुपमा प्रबर्द्धन गरिए पनि ससाना कृषकहरुमा उत्पादनमुखी सामूहिक भावनाको विकास गर्न जरुरी छ । गरिखाने कृषकहरुलाई सीप तथा प्राविधिक ज्ञान समेत प्रदान गरी बजारको सुनिश्चितता कार्यक्रमहरु ल्याई नविनतम प्रविधी तथा यान्त्रिकरणको प्रयोगलाई बढावा दिने आवश्यक छ । प्रविधि वा सेवामा छुट वा अनुदान र प्राविधिक परामर्श, बिमा एवं वित्तमा पहुंच लगायतका सेवाहरू सुनिश्चित गरी कृषि सडक तथा बजार पूर्वाधारहरू जस्तैः खाद्यान्न भण्डारण, शित भण्डार, सुविधायुक्त संकलन केन्द्र, हाट बजारको विकास गर्नु परेको छ र साथै बाली बिमा र पशु बिमा कार्यक्रममा सहजीकरण गर्न जरुरी छ ।
- नगरभित्र उद्योग व्यवसायहरू लगभग ९७ प्रतिशत स्वरोजगार प्रकृतिका छन् र यसमा रु. ५ लाख सम्मको लगानी भएका उद्यम व्यवयायहरूमा ३२ प्रतिशत महिला स्वामित्वका छन् । नगरको स्थानीय आर्थिक विकासका लागी मुख्यरुपमा "उद्योग व्यवसायहरूको विकास एवं प्रवर्द्धन" र "उद्योग व्यवसायहरूको पुनरोत्थान" लाई प्राथमिक रुपमा जोड दिई कोभिड १९ ले पारेको प्रभावहरूलाई न्युनिकरण गरी उद्योग व्यवसायहरूको पुनरोत्थान मार्फत स्थानीय अर्थतन्त्र सबलिकरण जरुरी छ । नगरपालिकाले उद्योग ग्राम सञ्चालन, नीतिहरूको तर्जुमा, आवश्यक

पुर्वाधार सहितको उद्योग व्यवसाय संचालनका लागी स्थानको व्यवस्थापन, परामर्श सेवाहरूको उपलब्धता, समन्वयमा बजार अनुसन्धान, प्रक्रियागत सहजीकरणमा केन्द्रित हुनुपर्ने देखिन्छ।

- पर्यटन प्रवर्द्धनका लागि CAN ( Culture, Adventure and Nature) मोडेल पहिचान गरिएको छ। तापनि यसको प्रयोग र उपयोगका लागि वाहुनथान, थामचौर, राम्चे, आँधिखोला चेकड्याम होमस्टे केन्द्रहरु मन्साङकोट क्षेत्रहरुमा पर्यटकीय पूर्वाधार तथा  सांस्कृतिक पहिचानमा लगानी जरुरी छ। संस्कृति, प्रकृति र जीवनलाई संयोजन गरी पर्या पर्यटक (Eco tourism) लाई  विकास गर्न जरुरी छ। यस नगरभित्र रहेका गह्रौंसुर, थामको चौर, माझकोट, बाहुनथान, घ्वाङखोलाजस्ता क्षेत्रहरु पर्यटन क्षेत्रमा सिलिकन, बोटानिकल र Hill Point का  अवधारणातर्फ प्रेरित गरिए पनि लगानीको व्ययभार व्यापक रहेकोले यी क्षेत्रहरुमा सरकारी लगानीका पर्वतीय पर्यटकीय मोडलका साथमा निजी–सरकारी साझेदारीमा लगानी गर्ने वातावरण मिलाउन आवश्यक छ।
- गाउँघरमा विभिन्न जनजाति र संस्कृतिका पर्यटन  सङ्ग्रहालय, वाल उद्योन पार्क, पिकनिक स्थल, होटल व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि गरि पर्यटकीय क्रियाकलापहरुको गुणस्तरिय सेवा सुनिश्चित गरिनुपर्छ। जनस्तरबाटै पर्यटन प्रवर्द्धनात्मक क्रियाकलापहरू आयोजना गरी प्रचार प्रसारमा व्यापकता दिइनुपर्छ। जस्तै, फुड फेष्टिवल, राष्ट्रिय स्तरको खेलकुद आयोजना, साहशिक खेल पर्यटन (क्यानोङ, साक्लिङ, ऱ्याफ्टीङ, प्याराग्लाइडीङ, हाइकिङ, जिप फ्लायर) आदि कार्यक्रमहरुलाई व्यापक रुपमा सञ्चालन गरिनुपर्दछ।
- नगरभित्र विपन्न नागरिक ४ प्रतिशत रहेको र लगभग २२ प्रतिशत घर परिवारको रु. १२००० भन्दा कम वार्षिक आम्दानी भएकोलाई सामाजिक सुरक्षा जाल (Social Safty Net) तथा आय आर्जन कार्यक्रममा जोड्न आवश्यक छ। नगरभित्र आफ्नै आम्दानीले बाह्रै महिना धानिने परिवारको संख्या लगभग ३४ प्रतिशत मात्र रहेको छ। तसर्थ नगरका बाँकी ६४ प्रतिशत नागरिकहरुलाई स्वरोजगार, सीप विकास, उत्पादन र बजारीकरणका कार्यक्रम सञ्चालन गरी स्थानीय अर्थतन्त्रको विकास गर्नुपर्ने देखिन्छ।
- नगरलाई दक्ष जनशक्ती उत्पादनका लागि बहुप्राविधिक शिक्षालय, विश्वविद्यालय, उद्योगी व्यवसायीहरूसंगको सहलगानीको वातावरण तयार गर्न जरुरी छ। उदाहरणको रुपमा, हस्तकलाका सामग्रीहरू (होजियारी, छालाजन्य बस्तुहरूको उत्पादन, मखमल चुरा, माला, पोते, सपिङ्ग व्याग, अचार, गुडिया बनाउने आदी), अचार उत्पादन (करेला, कागती, अमला), रोटी बनाउने, टपरी उद्योग, मस्यौरा, सिन्की बनाउने आदि कार्यक्रमहरुलाई विस्तार गरी बजार र प्रविधि दुबै हिसाबले प्रतिफलमूलक बनाउन आवश्यक छ।
- नगरभित्र ४,२९६ घरधुरीका ५,३७२ जना युवाहरु वैदेशिक रोजगारीमा नै कार्यरत छन् र यस नगरपालिकामा बार्षिक रुपमा १ अर्ब ११ करोड ७२ लाख ३७ हजारको हाराहारीमा विप्रेषण भित्रिने गरेको संकलित तथ्यांकले देखाएको छ। नगरभित्र प्राप्त विप्रेषणको ठुलो हिस्सा करिब ऋण तिर्न २२.७३ प्रतिशत र घरखर्चमा १७ प्रतिशत खर्च भएको देखिन्छ। त्यसै गरी घर बनाउनको लागि १४.८८ प्रतिशत, स्वास्थ्य उपचारमा ८.१९ प्रतिशत, जग्गा खरिदमा ७.१५ प्रतिशत, जिन्सी सम्पत्तीमा ६.०८ प्रतिशत, शिक्षामा ५.६५ प्रतिशतको हाराहारीमा खर्च हुने गरेको पाईएको छ।

व्यवसाय शुरुवातमा ०.९७ प्रतिशत र १.४४ प्रतिशत ऋण लगानीमा रहेको देखिन्छ । बाँकी १५.९१ प्रतिशत बचत गरिएको छ । वैदेशिक रोजगारको सवल पक्ष भनेको नै ज्ञान, सीप, अनुभव र विप्रेषण आर्जन हो । प्राप्त विप्रेषणलाई उत्पादनमुलकक्षेत्रमा परिचालन गरी स्वरोजगार तथा रोजगार सिर्जनामा नगरपालिकाले नगर – नागरिक साझेदारी परियोजना तथा कार्यक्रम लागू गर्नुपर्ने देखिन्छ । साथै विदेशी पुँजी प्रविधि र ज्ञानलाई परिचालन गर्न बीउ पुँजी (Seed Money), सुरुवाती व्यवसाय (Start Up Business), प्रतिस्पर्धी कोष (Challenge Fund) प्रबन्ध गरी स्थानीय स्तरमा स्वरोजगारी तथा रोजगारी सिर्जना गरेमा वैदेशिक रोजगारमा जानु पर्ने अवस्थालाई न्यूनिकरण गर्न सकिने देखिन्छ ।

- नगरभित्र व्यक्ति तथा परिवारमा वेमेल, घरेलु हिंसा, आरोप लान्छाना, बृद्धबृद्धाहरु एक्लिने (सहारा विहीन), आत्महत्या जस्ता घटना भेटिएका छन् । जसको कारणले गर्दा व्यक्ति तथा परिवारमा मनोसामाजिक समस्याहरु देखिन थालेका छन् । भौतिक निर्माणको क्षेत्रमा विकासका प्राथमिकताहरु केन्द्रित हुँदा यस्ता सामाजिक समस्याहरु ओझलमा पर्दै गईरहेको अवस्था छ ।
- कतिपय व्यक्तिहरुसँग सीप तथा दक्षता हुँदा हुँदै पनि साथमा प्रमाण पत्र नहुँदा स्थानीय रोजगारीका अवसरहरुमा प्रतिस्पर्धामा सहभागी हुन बन्चित हुनु परेको समस्याहरु पनि प्राप्त भएका छन् । यस्ता व्यक्तिहरुको सीपलाई परिक्षण गर्ने योजना लागू गर्न आवश्यक छ ।
- वालिङ नगरपालिकाको भूभागभित्र करीब ९०० किमी सडक सञ्जाल रहेको, करिब ४५ प्रतिशत परिवारको घर अगाडिका सडक कच्ची रहेको छ र ती सडकहरुमा अकालमा कयौंले ज्यान गुमाएको दु:खद् स्थिति हामीले भौग्दै आएका छौ । वर्षेनी बाढी पहिरोका कारण बाटो सरसफाइमा व्यापक लगानी गर्नुपरेको छ । सडक सञ्जाल बाहिर रहेका सवै घरलाई सडक सञ्जालभित्र ल्याउने, नागरिकको सुरक्षित आवत जावतको अधिकारको सुनिश्चितता गराउने, सडक पहुँच स्थापित गर्ने, सडक फराकिलो तथा स्तरोन्नतिका लागि सडक क्षेत्रमा व्यापक लगानी र स्रोतको खाँचो रहेको छ । नगरक्षेत्रभित्र अधिकांश ग्रामीण स्थान रहेकोले धेरैजसो सडक ग्राभेल र स्तरोन्नति गरी १२ महिना सुरक्षित, भरपर्दो तथा निर्बाध सञ्चालनमा ल्याउनुपर्ने चुनौती छ ।
- भौतिक पूर्वाधार क्षेत्रमा खानेपानीका ट्याङ्की निर्माण, कुलो निर्माण, कच्ची नाली निर्माण, नदी नियन्त्रण, भवन निर्माण (सामुदायिक भवन, विद्यालय, स्वास्थ्य केन्द्र), सडक बत्ती, खेलकुद मैदानका कार्यक्रम रहेका छन । यस्ता भौतिक पूर्वाधारहरुको संख्याको विश्लेषण गर्दा जनसंख्या र भौगौलिक विशिष्टताका अनुपातमा न्युन संख्यामा रहेका छन् । एकातिर यी क्षेत्रमा व्यापक लगानी बढाउनुपरेको छ भने लगानीको कमीलाई परिपूर्ति गर्नुपर्ने स्रोतको खोजी गर्नुपरेको छ । साथै यस क्षेत्रमा जनस्तरको माग र गुणस्तरको सन्तुलन कायम गर्ने चुनौती पनि उत्तिकै छ ।
- नगरपालिकाले सुशासन र जनताको सेवालाई छिटोछरितो, पारदर्शी र उत्तरदायी बनाउनका लागि सूचना प्रविधिको अधिकतम उपयोग गरिएको छ । नागरिकका सूचना, उजुरी तथा अन्य समस्याको सुनुवाईमा जोड दिन प्रविधि तथा संयन्त्र दुवैको भरपुर प्रयोग गरिएको छ ।

- यस क्षेत्रको नगरभित्र हाउस सर्भेदेखि लिएर जिआईएस प्रणाली, जिपिएस सिस्टम, मोबाइल एप्स, पोर्टल, अनलाईन, एप्लिकेशन सम्मका सफ्टवेयरहरु प्रयोगमा आईसकेका छन् । त्यसैले नगरको सेवा, रेकर्ड सिस्टम, कार्यशैली, नगरपालिकाका सम्पूर्ण कार्यहरु डिजिटल डाटाकोरुपमा उपयोग गरिएको छ । तापनि नागरिकमुखी प्रविधिलाई वित्तीय र प्राविधिक हिसाबले दिगो र भरपर्दो बनाई जनस्तरमा प्रविधि साक्षरता बनाउन आवश्यक छ । पहुँच, खर्च र औचित्यका आधारमा लाभ लागत विश्लेषण गरी लगानी र प्रविधिको प्रयोगमा सन्तुलन कायम गर्न आवश्यक छ ।
- आन्तरिक राजश्व तर्फ सम्पत्ति, मालपोत, घरबहाल, व्यवसाय कर नै राजस्वका  मूल स्रोत हुन् ।  एकातिर संघीय सरकारबाट प्राप्त समानीकरण अनुदान, समपूरक अनुदान तथा राजस्व बाँडफाँडका सिलिङ खुम्चेर साँघुरिदै गएका छन भने अर्कोतर्फ नगरको आन्तरिक आम्दानीको स्रोतको कराधार कमजोर रहेका छन् । स्थानीय तहमा हाल परिचालित श्रोत मुख्यगरी अनुदानमा आधारित रहेको छ र यसमध्ये करीब ६६ प्रतिशत हिस्सा सशर्त अनुदानको रहेको छ । प्रशासनिक हिसाबले साधारण खर्चको शिरोभार चुलिदै गएकोले पुँजीगत बजेट विनियोजनमा चाप परेको छ । त्यसैले आन्तरिक स्रोत परिचालन गरी वित्तीय अन्तरनिर्भरता घटाउनेतर्फ नगरले थप बैकल्पिक स्रोतको खोजी गर्नुपर्ने चुनौती छ ।
- शैक्षिक केन्द्रहरुको सुधारका लागि नीतिगत सुधारका साथमा शैक्षिक सुधारका कार्यक्रम लागू भएका छन । एकैदिन विद्यालय व्यवस्थापन समितिका अध्यक्षको चयन,  मर्जर, Mapping, ICT तालिम, क्षमता विकास कार्यक्रम लागू गरिएका छन । शिक्षकको नेतृत्व र व्यवस्थापकीय कौशलता विकास गर्न बिट्रिस काउन्सिलको सहकार्यमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ ।  नगरको शिक्षालाई थप व्यवस्थित र गुणस्तरीय बनाउन नि:शुल्क पाठ्यपुस्तक, दलित तथा अपाङ्ग छात्रवृत्ति, माविमा पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटरको व्यवस्था गरिएको छ । केही स्कुलमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम लागू भएको छ । तापनि शैक्षिक गुणस्तर खस्कदो अवस्थामा रहेकोले यस क्षेत्रमा ठोस तथा अनुभूत गरिने सुधारको खाँचो रहेको छ ।
- वर्षेनी आउने विपद्का कारण उत्पन्न जोखिम र प्रभावको सम्बोधनमा थप जिम्मेवार र समन्वयकारी हुन जरुरी छ । मनसुनजन्य  प्रभावित नागरिकको आवास तथा गासबासका लागि विभिन्न संघीय तथा प्रादेशिक कार्यालयहरुसँग समन्वय गरी सुरक्षित आवासको हक स्थापित गर्नुपर्ने देखिन्छ ।
- नेपाल सरकारले अगाडि बढाएको एक पालिका एक औद्योगिक ग्राम नीति अनुसार वालिङ नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको संयुक्त लगानीमा औद्योगिक ग्राम निर्माण कार्य अगाडि बढाइएको हो । यस औद्योगिक ग्राम निर्माणमा तीन वटै सरकारको संयुक्त लगानी गरिएको छ । यसको स्वामित्व र सञ्चालन स्थानीय तहकै हुने भएकोले उद्योग सञ्चालनका लागि स्थानीय कानून तर्जुमा गरिएको छ । आँधीखोलाको किनारमा रहेको सो ग्रामको सुरक्षाका लागि तटबन्ध निर्माण तथा पहुँच मार्ग निर्माण गरिएको  छ । विशेष गरेर स्थानीय उत्पादनहरु, स्थानीय कच्चा पदार्थहरुको प्रयोग गरी सञ्चालन गरिने साना तथा मझौला उद्योगहरु यहाँ सञ्चालन हुनेछन र उद्योगहरु एकै ठाउँमा सञ्चालनमा ल्याउनुपर्ने देखिन्छ ।

- नेपालको संविधान २०७२ को धारा ४४ मा मौलिक हकको रुपमा उपभोक्ताको हकको व्यवस्था छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) को अधिकार बमोजिम यस वालिङ न.पा. ले स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७६ जारी गरेको छ । यस नगरका बजार अनुगमन नियमित गरी बजार व्यवस्थापनलाई व्यवस्थित बनाउन आवश्यक छ।
- **सुखी नगरवासी र समृद्ध नगरपालिका**को आकांक्षा पूरा गर्न महामारीका कारण समग्र सामाजिक, आर्थिक पक्षमा परेको प्रतिकुलता समेतलाई सम्बोधन गर्दै देहायका रणनीति आधार र पक्षहरुलाई ध्यानमा राखी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। नगरवासी वुवा आमा दाजु भाइ तथा दिदी बहिनीहरुवाट व्यक्त भएका जनचाहनाहरुलाई समेटदै यहाँहरुको चाहना तथा समग्र नगरको आवश्यकता अनुसार नीतिहरु अवलम्वन गरेका छौं।

यस नीति तथा कार्यक्रमका उद्देश्य तथा प्राथमिकताहरु :

- लगानी, जनशक्ति, पूर्वाधार विकास र रोजगारी।
- स्थानीय उत्पादनको बजारीकरण र विपन्न वर्गलाई संरक्षण गरी आय आर्जन।
- सुशासनको अभिवृद्धि गर्दै सेवा प्रवाहलाई सेवामैत्री र जनमुखी।
- शिथिल भएको स्थानीय अर्थतन्त्रको पुनरुत्थानका लागि पूर्वाधारमा लगानी, उत्पादन, रोजगारी र वितरण।
- वस्तीहरुको विकासको रणनीतिक योजना, कार्यक्रम, भू–उपयोग तथा विकास।
- शिक्षा, स्वास्थ्य र जनजीविकाको उन्नयन र लगानी।
- कृषि, पर्यटन, शैक्षिक तथा औद्योगिक क्षेत्रहरुको विकास एवं प्रवर्द्धन।

## आगामी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम

### १) स्वास्थ्य सम्वन्धी

- "स्वास्थ्य सेवाको विस्तार : नगरको जिम्मेवारी" भन्ने नाराका साथ सबै नागरिकमा गुणस्तरीय आधारभूत स्वास्थ्यको सेवा पहुँच सुनिश्चित गर्दै सम्पूर्ण सेवालाई घरदैलोमा पुर्‍याइनेछ।
- निजी तथा गैह्र सरकारी स्वास्थ्यसंस्थाहरुसँग सहकार्य गरी जनस्वास्थ्यका कार्यक्रमहरु संचालन गरिने छ।
- सेवाको विस्तार र वितरणलाई डिजिटाइजेसन गर्दै प्रविधिको उपयोग गरिनेछ।

- स्वास्थ्य सेवालाई पारदर्शी र व्यवस्थित बनाउन स्वास्थ्यसंस्थामा टोकन प्रणाली र विरामीको प्रोफाईल व्यवस्थापनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- सबै स्वास्थ्य संस्थाबाट राष्ट्रिय मापदण्ड बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु निःशुल्क उपलब्ध गराईनेछ।
- मासिक रुपमा प्रत्येक वडामा चिकित्सकको व्यवस्थासहित ज्येष्ठ तथा दीर्घ रोगीहरुको नियमित स्वास्थ्य परीक्षण गरिनेछ।
- "मेरो स्वास्थ्यःमेरो जिम्मेवारी" सचेतनामूलक कार्यक्रम लागू गरी नागरिकको  पोषणयुक्त खानाको उपभोगमा जोड दिइनेछ।
- विभिन्न संघसस्थाहरुसँगको सहकार्यमा योग अभ्यास र पञ्चकर्म निर्माण कार्यलाई प्राथमिकताकासाथ सञ्चालन गरिनेछ।
- आधारभूत स्वास्थ्य सेवाको प्रोटोकल र प्याकेजको पूर्ण लागू गरिनेछ।
- स्वास्थ्य सेवाको गुणस्तरको मापन गर्ने संयन्त्र स्थापना  गरी नियमित रुपमा मापन गर्ने पद्धति लागू गरिनेछ।
- चिकित्सकसँग अनलाइनबाट परामर्श सेवाका लागि Tele Medicine संयन्त्र लागू गरिनेछ।
- स्वास्थ्य बीमा कार्यक्रमको पहुँच र विस्तार गरी विपन्न नागरिकहरुलाई यस सेवाको पहुँचमा  ल्याइनेछ।
- उच्च रक्तचाप, मधुमेह, क्यान्सर, दम, मिर्गौला कलेजो र महिलाहरुको पाठेघरसम्बन्धी रोगको रोकथाम, पहिचान, परीक्षण र उपचारका कार्यक्रमलाई अभियान तथा घुम्ती सेवाको रुपमा सञ्चालन गरिनेछ ।
- आपतकालीन स्वास्थ्य अवस्था तथा अन्य सरुवा रोग एवं महामारी नियन्त्रणका लागि बहुपक्षीय सहकार्य गरी यसका असरको न्यूनीकरण र सेवामा निरन्तरता प्रदान गरिनेछ।
- नगर भित्र आकस्मिक अवस्था भई रगतको आवश्यकता पर्ने अवस्थामा यसको पूर्ति गर्न अस्पतालमा रक्तसंचार सेवा विस्तार गर्ने तथा रक्त समूह निर्धारण अभियान सञ्चालन गरी अभिलेख राखिनेछ।
- नाक, कान, घाँटी, मानसिक एवं नेत्र चिकित्सालाई सबै तहमा विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाइनेछ।
- अस्पतालमा रहेको प्रयोगशालालाई सुदृढ गरी विस्तारित सेवा सहित रोग निदानको सेवालाई विस्तार गरिनेछ।
- प्रभावकारी स्वास्थ्य सेवा प्रवर्द्धनका लागि नमूना गाउँ/शहर, नमूना स्वास्थ्य संस्था, नमूना स्वास्थ्यकर्मी अभियान सुरु गरी नमूना बन्न प्रोत्साहित गर्दै क्रमिक रूपमा विस्तार गरिनेछ।
- स्वास्थ्य संस्थामा हाल भएको जनशक्तिको दरबन्दी पुनरावलोकन गरी वैज्ञानिक आधारमा परिमार्जन गरिनेछ।
- सम्बद्ध सरोकारवालाहरूको संलग्नतामा नगरपालिकाको आपतकालीन पूर्वतयारी एवं प्रतिकार्य योजना बनाइनेछ।

- प्रचलित कानून बमोजिम सुरक्षित गर्भपतन सेवालाई गुणस्तरीय बनाई सरोकारवालासँग सार्थक समन्वय गरी लैंगिक प्राथमिकतामा हुने गर्भपतनलाई पूर्ण रूपमा निरुत्साहित गरिनेछ ।
- सुर्तिजन्य पदार्थ, मादक पदार्थ जस्ता हानिकारक वस्तुको किनबेच र प्रयोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ । मानव स्वास्थ्यलाई प्रतिकूल प्रभाव पार्ने कृषि विषादि तथा अन्य रसायनिक पदार्थको प्रयोगको नियमन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिको लागि सहयोगी, उपचार व्यवस्था तथा सहयोगी सामग्री व्यवस्था गरी सबै स्वास्थ्य संस्थालाई अपाङ्गमैत्री बनाइनेछ ।
- लैंगिक हिंसामा परेका, बेवारिसे ज्येष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भई सडकमै रहेका असहाय व्यक्तिहरूलाई अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवं हेरचाहको लागि निजी सरकारी सहकार्यमा पुनर्स्थापना केन्द्र स्थापना एवं सञ्चालन गरिनेछ । साथै एकद्वार संकट व्यवस्थापन केन्द्रको स्थापना गरी सुदृढीकरण एवं विस्तार गरिनेछ ।
- सम्भावित दुर्घटनालाई मध्यनजर गरी अस्पतालमा चोटपटक Trauma को स्तरीय उपचारको व्यवस्था गरिनेछ । साथै स्वास्थ्यकर्मीलाई आधारभूत जीवन सहयोग Life Support लगायतका तालिम प्रदान गरिनेछ ।
- मेयरसँग जेष्ठनागरिक स्वास्थ्य परिक्षण कार्यक्रम मार्फत प्रत्येक वडास्तरीय सेवा केन्द्रबाट ७० वर्ष माथिका नागरिकहरुको रक्तचाप, आल्बुमिन र मधुमेह निशुल्क जाँच गर्ने व्यवस्था गरिनेछ ।
- सरकारी र निजी समग्र एम्बुलेन्स सेवालाई एकीकृत गरेर सहज रूपमा सेवा विस्तार गरिनेछ ।
- गर्भवती तथा सुत्केरी महिलाहरुलाई नि:शुल्क एम्बुलेन्स सेवा संचालन गरिने छ ।
- प्रमुख राजमार्गहरूमा घाइते र चोटपटक लागेका व्यक्तिको उपचार गर्ने ट्रमा सेवाको विस्तारका लागि संघीय तथा प्रदेशसँग समन्वय र सहकार्य गरिनेछ ।
- क्षयरोगका बिरामीका लागि होस्टलको मोडलमा कार्यक्रम सञ्चालन गरी Tracking System लाई सञ्चालन गरिनेछ ।
- स्थानीय जडिबुटी प्रशोधन कार्यक्रमका लागि विभिन्न अनुसन्धानात्मक संस्थाहरुसँग सहकार्य गरिनेछ ।
- स्वास्थ्य सेवा अन्तर्गतका सेवाहरुलाई Door to Door का रुपमा विस्तार गरिनेछ ।
- स्वास्थ्य सेवाको माग पक्षलाई थप सबल बनाउन  नागरिकको घरदैलोमा स्वास्थ्य पहुँच पुर्याउन  महिला स्वास्थ्य स्वयमसेविकालाई परिचालन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर किशोरी, अपाङ्ग तथा जेष्ठ नागरिक मैत्री संस्था बनाइनुका साथै नागरिकहरुको पहुँच पुग्ने गरी चिकित्सकीय सेवा, प्रयोगशाला सेवा तथा अनुसन्धान कार्यहरुमा जोड दिइनेछ ।

- समुदायमा आधारित स्वास्थ्य स्वयंसेवक, स्वास्थ्य आमा समूह, टोल विकास संस्था जस्ता संघ संस्था र आम नागरिकहरुको परिचालन गरी सचेतनामुलक गतिविधि सञ्चालन गरिनेछ ।
- स्वास्थ्य संस्था/केन्द्रको समन्वयमा टोल टोलमा अखाद्य पदार्थहरुको प्रयोगलाई रोकथाम गर्न चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- नगरभित्र पाठेघरको क्यान्सरको पहिचान तथा मृगौला परीक्षणको दायरा फराकिलो बनाई समयमै रोग पहिचान गरी रुग्णता दर र मृत्युदर कम गरिनेछ ।
- शिक्षण संस्थाहरुसँग समन्वय गरी बालबालिकाहरुलाई स्वास्थ्य सेवा प्रदान गर्न स्कुलनर्स कार्यक्रम लागू गरिनेछ ।
- निजी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालित अस्पताल,निदान केन्द्र,औषधी पसल, आयुर्वेद लगायतका स्वास्थ्य संस्थाहरुको कानूनी व्यवस्था गरी सञ्चालन अनुमति, नविकरण, सहजीकरण र नियमन गरिने छ ।
- सम्पूर्ण नगरवासीलाई स्वास्थ्य बीमाको दायरामा समेटिने छ । विपन्न नागरिकहरुलाई नगरबाटै बिमा गर्ने व्यवस्था मिलाइनेछ । बिमितको संख्या बढोत्तरी गर्दै पहुँच विस्तार गरिनेछ ।
- नगरभित्र क्षयरोग मुक्त नगरपालिका घोषणाका लागि प्रक्रिया अगाडि बढाइनेछ । एच.आई.भी, औलो तथा पानीबाट सर्ने लगायतका सरुवा रोगहरुको रोकथाम, नियन्त्रण, उपचार तथा पुनःस्थापनामा प्राथमिकता दिई नियमित रुपमा निगरानी गर्ने पद्धतिको विकास गरिनेछ ।
- गह्रौं प्राथमिक अस्पतालबाट Tele Service तथा Service Card लागू गरिनेछ । साथै नगरभित्र ब्लड बैंङ्कको स्थापना गरिनेछ ।
- गह्रौं प्राथमिक अस्पतालमा CEONC सेवा विस्तार गरी जटिल प्रकारका प्रसूतिहरुको शल्यक्रिया गर्ने व्यवस्था मिलाइनेछ ।
- राष्ट्रिय सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाको कामको आधारमा पुरस्कृत गर्ने प्रक्रिया अगाडि बढाइनेछ । महिला स्वास्थ्य स्वयं सेविकाहरुसँग रहेको अक्षय कोष स्थापनाका लागि अध्ययन प्रक्रिया अगाडि बढाइनेछ । स्वयंसेविकाको आत्म सम्मानलाई ध्यान दिई क्षमता विकास तथा तालिमजस्ता कार्यक्रममा जोड दिइनेछ ।
- गरीब,सिमान्तकृत दलित, महिला बालवालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका तथा दीर्घ रोगीहरुलाई स्वास्थ्यमा पहुँच स्थापित गरिनेछ ।
- निश्चित मापदण्ड बनाई सशुल्क तथा निशुल्क स्वास्थ्य परामर्श सेवा प्रवाहको व्यवस्था गरिनेछ ।
- स्कुल स्कुलमा पुगेर विद्यार्थीहरुको आँखा परीक्षण गरिनेछ । यसका साथै स्वास्थ्य शिविर, विशेषज्ञ स्वास्थ्य जाँच जस्ता लक्षित कार्यक्रम टोल स्तरसम्म लागु गरिनेछ ।

- स्वास्थ्य सेवामा संलग्न कर्मचारी तथा स्वास्थ्यकर्मीको मनोवल वृद्धि गर्दै भौतिक तथा पेशागत सुरक्षा सुनिश्चित गरिनेछ र  उपचार तथा नियन्त्रणमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीको मनोबललाई उँचो बनाउन  प्रोत्साहन तथा जोखिम भत्ताको व्यवस्था गरिनेछ। महामारीको समयमा कार्यसम्पादनमा उत्कृष्टता प्रदर्शन गर्ने कर्मचारीलाई सम्मान समेत गरिनेछ।
- स्वास्थ्य चौकीहरुमा रहेका प्रयोगशालाहरुको क्षमता विकास गर्नुका साथै No Home Delivery कार्यक्रम अन्तर्गत वर्थिङ्ग सेन्टरहरुको स्तरोन्ति गरिनेछ।
- MBBS तथा MD तहको शिक्षामा Entrance Exam मा यस नगरपालिकाबाट सहभागी विद्यार्थीमध्ये उत्तीर्ण भएकाहरुबाट प्रत्येक वर्ष उत्कृष्ट १/१ जनालाई यस नगरबाट अध्ययनको लागि छात्रवृत्तिको व्यवस्था गरी १० वर्षसम्म नगरपालिकाको नगर अस्पतालमा सशर्त सरकारी स्केलअनुसार सेवा गर्ने व्यवस्था गरिनेछ।
- महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम, बालस्वास्थ्य तथा पोषण कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, राष्ट्रिय खोप तथा विशेष खोप, आइरन तथा जुकाको औषधी लगायतका राष्ट्रिय स्तरका कार्यक्रमहरु प्रभावकारी कार्यान्वयनका लागि नगर स्वास्थ्य नीतिको कार्यान्वयन गरिनेछ।
- कोभिडबाट प्रभावित गरीब, असाहय तथा विपन्न परिवार दैनिक कमाई गरी जीवनयापन गर्ने व्यक्ति तथा बन्दाबन्दी र कोभिड १९ ले निम्त्याएका तथा अन्य कारणले रोजगारी गुमाएका व्यक्तिहरुलाई लक्षित गरी राहतका साथमा आय आर्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- जेष्ठ नागरिक सेवा कार्यक्रम तथा सुत्केरी एम्बुलेन्स कार्यक्रम सञ्चालन गरिनेछ।
- वालिङ नगरपालिकालाई क्षयरोगमुक्त तथा कुपोषंणमुक्त स्थानीय तह घोषणाको प्रारुप  तयार गरिनेछ।
- "सुपोषीत समाज निर्माणको आधार,हजार दिनको पोषणका लागि स्थानिय सरकार" कार्यक्रम अन्तरग सुनौला हजार दिनका महिला (गर्भवती तथा सुत्केरी), ५ वर्ष मुनिका बालवालिका र किशोरीहरुको पोषण अवस्थामा सुधार ल्याउन बुहक्षेत्रीय पोषण कार्यक्रमलाइ निरन्तरता दिइने छ । साथै पोषणमत्री कार्यक्रमहरुलाइ सवै शाखाहरुमा मूलप्रवाहीकरण गर्दै लगिनेछ।
- सुनौला हजार दिनका आमा र बच्चाको पोषण अबस्थामा सुधार ल्याउनका लागि उपमेयर संग पोषिलो झोला कार्यक्रम संचालन गरिने छ।
- विशिष्ट डाक्टरहूको नियमित घुम्ती स्वस्थ्य शिविर सञ्चालन गरिनेछ।

## २. शिक्षा सम्वन्धी

- "शैक्षिक केन्द्रको सुधार: स्मार्ट नागरिकको आधार" भन्ने नाराका साथ नगरको शिक्षा प्रणालीको सुधार गर्दै अब्वल व्यवस्थापकीय कौशलता, शिक्षक क्षमताको विकास, सामुदायिक एवं संस्थागत विद्यालय बीचको भिन्नताको अन्त्य, असल अभ्यासहरुको आदान प्रदान, नमुना विद्यालय नीति अवलम्बन गरिनेछ।
- "बालवालिकालाई विद्यालय पठाऔँ र पढाईमा लगाऔँ" कार्यक्रम लागू गरी अभिभावक साक्षर र सचेतना कार्यक्रम लागू गरिनेछ।
- नगरभित्र रहेका शिक्षण संस्थाको नक्सांकन गरी भूगोल र न्यूनतम विद्यार्थी संख्याको आधारमा समायोजन तथा विद्यालयलाई मर्ज गरिने नीतिलाई निरन्तरता दिइनेछ।
- गुणस्तरीय शिक्षाका लागि विद्यालयमा प्राध्यानाध्यापक र विषयगत शिक्षकका बीचमा सूचकसहित कार्यसम्पादन करारलाई नतिजा र मापनयोग्य बनाइनेछ।
- नगरभित्र प्राविधिक जनशक्ति उत्पादनलाई प्राथमिकता दिई सबै सामुदायिक विद्यालयलाई पूर्वाधार सम्पन्न शिक्षण संस्थाको रुपमा रुपान्तरण गरिनेछ।
- आधारभूत तहमा वालिङको गौरब, संस्कृति, सभ्यता, मूल्य मान्यता र एकताको सम्वर्द्धन, नागरिक कर्तव्यसहितको क्षेत्रमा रही स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक लेखन कार्य गरिनेछ।
- बालबिकास केन्द्रको स्तरोन्नतिका लागि समुदाय, विद्यालय तथा नगरबीच साझेदारी कार्यक्रम लागू गरिनेछ।
- बिद्यालय बाहिर बालबालिका नभएको कार्यक्रम घोषणा गरी शिक्षाको पहुँच विस्तार गरिनेछ।
- विद्यालयहरुको समग्र व्यवस्थापन मूल्यांकनका लागि तेस्रो पक्षलाई परिचालन गरिनेछ।
- अपाङ्गता भएका बालबालिकाको पहिचान र लेखाजोखा गरी विशेष शिक्षामा जोड दिई क्षमता विकास गरिनेछ।
- नमुना विद्यालयमा स्वास्थकर्मीसहित उपचार तथा परीक्षण केन्द्र स्थापना गरिनेछ।
- नगर– विद्यालयबीच Invest for brain Programme सञ्चालनमा ल्याई प्रतिभाको खोजी (Talent Hunt ) कार्यक्रम लागू गरिनेछ।
- E- library तथा Virtual Learning Platform को अवधारणा अनुरुप शैक्षिक केन्द्रहरुको स्तरोन्नति गरिनेछ।
- शिक्षक पेसागत विकास कार्यक्रमलाई विस्तार गरी नेतृत्व, व्यवस्थापन तथा लेखा, Career Counselling Programme सञ्चालनमा ल्याइनेछ।
- विद्यालयलाई नतिजा र स्तरका आधारमा थप प्रोत्साहन र सहयोग कार्यक्रमका लागि बजेट तथा कार्यक्रम लागू गरिनेछ।

- विद्यालय सुधारका लागि शिक्षक अभिभावक  अन्तर्किया कार्यक्रमलाई लागू गरिनेछ ।
- बिद्यालयमा E-Governance सुशासन र पारदर्शितामा जोड दिई उत्तरदायी शासन लागू गरिनेछ ।
- शिक्षक अध्यनशील र अनुसन्धानका लागि  इ लर्निङ कार्यकक्ष निर्माणमा जोड दिइनेछ ।
- नगरभित्रका नमुना स्कुलहरुमा E-Learning Conference Room स्थापना गरी शैक्षिक  कार्यलाई प्रविधिसँग जोडिनेछ।
- स्कुलमा अङ्ग्रेजी, नेपाली, सामाजिकजस्ता  विभिन्न विषयगत Lab स्थापना  गरी त्यही कार्यकक्षमा विद्यार्थीहरुलाई अध्ययन अध्यापन गराइनेछ।
- सबै सरकारी स्कुलमा अंग्रेजी भाषालाई अनिवार्य गरी गुणस्तर विकास गरिनेछ ।
- विद्यालय शिक्षामा आधारभूत गुणस्तरका लागि विज्ञसहितको अनुगमन संयन्त्र निर्माण  गरिनेछ ।
- विद्यालयहरूको भौतिक पूर्वाधार र सौन्दर्यकरण कार्यक्रम लागू गरी वातावरणमा सुधार गरिनेछ ।
- प्रधानाध्यापक र नेतृत्वको सशक्तीकरणमा जोड दिइनेछ ।
- स्थानीय पाठ्यक्रममा उद्यमशीलता सोचयुक्त पाठ्यक्रम EMCO-Entrepreneurship Mindset Curriculum लागू  गरिनेछ ।
- बिद्यार्थीहरुलाई बिभिन्न विधामा पुरस्कारको व्यवस्था गरी नियमित पुरस्कृत गर्ने कोष स्थापना गरिनेछ ।
- स्थानीय पाठ्यक्रम, शिक्षण सिकाइ, शिक्षक व्यवस्थापन, परीक्षादेखि मूल्यांकन प्रणाली सुधारलाई नियमित रुपमा सञ्चालन गरिनेछ ।
- स्कुल–स्कूलमा Digital Learning  कार्यक्रम सञ्चालनका लागि विकास साझेदारहरुलाई परिचालन गरिनेछ । बिद्यालयमा ई–लाइब्रेरीको विकासका लागि प्रविधि र लगानीको सम्भाव्यता खोजी गरिनेछ ।
- बिद्यालयको नियमित अनुगमन गर्ने, शिक्षक, बिद्यालय ब्यबस्थापन समिति, अभिभाबक, तथा बिद्यार्थीका गुनासा सुन्ने र सुधारका उपायहरु अबलम्बन गर्ने  नगरमा Student Hearing Center स्थापना गरिनेछ ।
- कमजोर आर्थिक अबस्थाकै कारण बालबच्चा बिद्यालय जानबाट बन्चित हुनु पर्ने अबस्थाको अन्त्य गर्न गरीब तथा असहाय छात्रबृति कार्यक्रम सञ्चालन गरिनेछ ।
- शिक्षकहरुको क्षमता विकास र वृत्ति विकासका लागि पुनर्ताजगीकरण तालिम सञ्चालन गरिनेछ ।
- शैक्षिक क्षेत्रको नियमित सुधारका लागि  नगरभित्र प्रशिक्षण तथा अनुसन्धान केन्द्र स्थापना गरी शैक्षिक उन्ननयन गरिनेछ ।

- सबै माध्यामिक विद्यालयहरुमा सूचना प्रविधि प्रयोगशाला र उच्च गतिको इन्टरनेट सुविधा  विस्तार गरी Online Class लाई व्यवस्थित गरिनेछ। विषयगत शिक्षकहरुलाई मागमा आधारित तालिमको व्यवस्था गरिने छ।
- विद्यालयको भौतिक संरचना बालमैत्री र अपाङगमैत्री बनाइनुका साथै बालविकास केन्द्रलाई बालमैत्री बनाई सिकाई वातावरण (Children Friendly Environment) सृजना गरिनेछ।
- नतिजा र कार्यसम्पादनका आधारमा शिक्षकलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ र नगरशिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा कर्मचारीका क्षमता विकास गरिनेछ।
- विद्यालय समायोजन भै प्रयोगमा नआएमा विद्यालय भवनलाई बाल विकास केन्द्र, सामुदायिक सिकाई केन्द्र तथा समुदायद्धारा उपयोग तथा संरक्षण गर्ने व्यवस्था मिलाइनेछ।
- बालबिकास केन्द्र र आधारभूत तह कक्षा १—५ का वालबालिकाहरुलाई दिवा खाजामा एकबार खानासहित पोषणयुक्त मेनु लागू गरिनेछ।
- विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण/सुधार सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुका साथै सवै विद्यालयहरुलाई एकै प्रकारको रङ रोगन लगाईने छ।
- नगरस्तरीय अतिरिक्त क्रियाकलाप (खेलकूद, हाजिरीजवाफ, वक्तृत्वकला,  नेतृत्व, संगीत आदि) सञ्चालन गरिने छ।
- प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई विद्यालय सुधार योजना निर्माण सम्बन्धी तालिमको व्यवस्था गरिने छ।
- बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीलाई क्षमता विकास कार्यक्रम अन्तर्गत आवश्यक तालिमको व्यवस्था गरिने छ।
- विद्यालय निरीक्षण/अनुगमन कार्यलाई प्रभावकारी बनाउन नतिजामुखी अनुगमन प्रणालीको खाका तयार गरी Tracking system लागू गरिनेछ र प्रत्येक ३ महिनामा एक पटक नगरप्रमुखबाट विद्यालयको निरिक्षण गरिनेछ।
- सामुदायिक विद्यालयमा प्रधानाध्यापकको छनोट तथा सरुवाको लागि  प्रचलित कानुनी व्यवस्था,  आवश्यकता, योग्यतासूची तयार गरी प्रधानाध्यापकको जिम्मेवारी दिइनेछ।
- सम्पूर्ण  विद्यालयहरुले वार्षिक योजना निर्माण गरी नगरमा  स्वीकृतिका लागि पेस गर्ने  र सो योजनाको मूल्यांकन तथा नतिजाको आधारमा अनुदान, प्रोत्साहन, कार्यक्रम वितरण गरिनेछ।
- विद्यालयमा छात्राहरुहरुको स्यानिटरी प्याडको प्रयोग, व्यवहार, मनोभावना, ज्ञान र सीपको आदान प्रदान गर्न छात्रासँग उपप्रमुख कार्यक्रम सञ्चालन गरिनेछ।

- विद्यालयमा छात्राहरुहरुको स्यानिटरी प्याडको प्रयोगलाई व्यवस्थित बनाउन अटोमेटिक स्यानिटरी प्याड मेसिन जडानमा जोड दिइनेछ।
- विद्यालयलाई जङ्क फुडबाट मुक्त राख्दै किचन गार्डेनको रुपमा विकास गरी स्थानीय उत्पादनको प्रयोगमा जोड दिइनेछ।
- प्रत्येक २/२ महिनामा आधारभूत तह र मा.वि.तहको प्र.अ. वैठक नगरपालिकामा बस्ने व्यवस्था मिलाईने छ। आवश्यकता अनुसार वडामा पनि शैक्षिक सुधारका लागि बैठक बस्ने व्यवस्था मिलाइनेछ।
- विद्यालयहरुमा प्रयोग भइरहेको शिक्षक डायरी प्रयोगलाई वैज्ञानिक र वस्तुनिष्ठ बनाई नियमित मूल्यांकन गर्ने पद्धतिको विकास गरिनेछ।
- आधारभूत तह कक्षा ८ को परीक्षा नगरस्तरीयरुपमा सञ्चालन र परीक्षण व्यवस्थालाई वैज्ञानिक बनाइनेछ ।
- प्रत्येक वडामा एउटा माध्यमिक विद्यालयलाई क्रमशः नमूना विद्यालय र सूचना प्रविधि सम्पन्न बनाउदै माध्यमिक विद्यालय तहमा क्रमशः ईनोभेशन सेन्टर खोलिदै लगिने छ।
- सामुदायिक विद्यालयहरुको समग्र व्यवस्थापनका सुधारका लागि ई.हाजिरी, नेटवर्क, डिजिटल गभर्नेन्स लगायतका विशेष खालका कार्यक्रम सञ्चालन गरिने छ।
- विद्यालय छाड्नुको कारण अध्ययन अनुसन्धान गरी सुधारका कार्यक्रम सञ्चालन गरिने छ र कक्षा १ मा भर्ना भएका सवै विद्यार्थीले माध्यमिक शिक्षा पूरा गर्ने व्यवस्था मिलाईने छ।
- माध्यमिक विद्यालयका छात्राहरुलाई महिनावारीको समयमा आरामका लागि विश्राम कक्ष निर्माणको निर्माण गरिनेछ।
- विद्यालयमा बालक्लब गठन गरि बालमैत्री वातावरणको सृजना गरिनेछ। बालबालिकालाई नेतृत्व विकासका लागि युवा सांसद कार्यक्रमको अभ्यास गरिनेछ।
- नगरपालिकामा रहेको Innovation Lab लाई न्युन शुल्कमा ईच्छुक विद्यार्थीहरुलाई अध्यापन गराई नयाँ नयाँ अन्वेषणका लागि उत्प्रेरित गरिनेछ।
- शिक्षित वेरोजगार समाधानका लागि लोकसेवा तथा जंगी प्रशिक्षण कक्षा सञ्चालन गरी राष्ट्रसेवा गर्ने अवसर दिलाइनेछ।
- विद्यालयको मासिक प्रतिवेदन, माग फाराम, कार्यक्रम माग, शैक्षिक तथ्यांक आदि अनलाईन प्रणालीबाट पठाउने ब्यवस्था मिलाईने छ।
- बालमैत्री वातावरणका लागि आवश्यक पूर्वाधार निर्माणमा जोड दिई कक्षाकोठालाई शैक्षिक अनुकुलित बनाइनेछ।

- संस्थागत विद्यालयद्धारा विद्यार्थीहरुलाई उपलब्ध प्रदान गर्नुपर्ने १० प्रतिशत छात्रवृत्तिलाई प्रभावकारी कार्यान्वयन गराईनेछ ।
- सामुदायिक विद्यालयहरुलाई विद्यार्थीको आवत/जावत व्यवस्थाका लागि सवारी साधन व्यवस्थापन गर्न प्रेरित गरिनेछ ।
- प्रत्येक वडामा ICT सम्बन्धी अध्यन अध्यापन गराउन शिक्षकको एक समूह गठन गरी प्रशिक्षित गर्ने कार्यलाई विस्तार गरिनेछ ।
- शैक्षिक गुणस्तरको अभिवृद्धिका लागि साझेदारी संस्थाहरुसँग समन्वय गरी  तालिम, सूचना प्रविधि, ज्ञान आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयमा ज्येष्ठ नागरिक र स्कुले विद्यार्थीका बीचमा Knowledge Transfer Programme  लागू गरिनेछ ।
- विद्यार्थीहरुलाई स्थानीय कलाकारबाट संस्कृति झल्कने गीत, नाच, कला,रहनसहन आदिको बारेमा Cultural Transformation Programme  गरिनेछ ।
- स्थानीय डकर्मी र सिकर्मीबाट डोको, नाम्लो बुन्ने तथा हलो बनाउने जस्ता परम्परित तथा रैथाने आय आर्जनका साधनहरुको प्रयोग र अभ्यासबारे स्कुले विद्याथीहरुलाई सिकाइनेछ ।
- विद्यालयबाट महिनामा एकदिन विद्यार्थीहरुलाई कुटोकोदालो गर्ने, खेतीपाती गर्ने, जमिन खन्नेजस्ता प्रयोगात्मक क्रियाकलापमा सहभागी गराइनेछ ।
- प्राविधिक शिक्षालाई प्राथमिकता दिई इलेक्ट्रिकल, कम्प्युटर, सिभिल, मेकानिकल, अटोमेकालिकल आदि शिक्षाको ओभरसियर/जुनियर ईन्जिनियर तहको प्राविधिक शिक्षालाय स्थापना सँगै सञ्चालित शिक्षालयहरुलाई व्यवस्थित गर्न आवश्यक प्रेरणा प्रदान गरिनेछ ।
- समाज परिवर्तनको मुलआधार शिक्षा हो । शिक्षाका माध्यमबाट हाम्रो वालिङ भन्ने भावना जागृत गर्ने शैक्षिक कार्यक्रम तयार गरिनेछ ।
- नगरभित्रका शिक्षण संस्थाहरुलाइ पढाउने भन्दा पनि सिकाउने थलोको रुपमा विकास गरिनेछ ।
- विद्यालयहरुको सर्वाङ्गिण विकास गरि सवै विद्यालयहरमा एउटै किसिमको सिकाइ बातावरण तयारि गरिनेछ ।
- संस्कृत,भाषा, साहित्य कला विकास गरि संरक्षकको लागि वालिङ प्रज्ञाप्रतिष्ठानको विधिवत गठन गरिने छ ।
- औपचारिक शिक्षाको मुलधारमा आउन नसकेको नागरिकहरुलाइ खुला विद्यालयको पहुँचमा वृद्धि गरिने छ ।
- वालिङ नगरको इतिहास क्षमता र आवश्यकता विश्लेषण गरी प्रादेशिक विद्यालयमा स्थापना गर्न आवश्यक पहल गरिनेछ ।
- नगरभित्रका उच्च शैक्षिक संस्थाहरुलाई उत्कृष्टताको छनौटका आधारमा मोडेल संस्थाको रुपमा विकास गरिनेछ ।

- नगरभित्र मा.वि. कक्षा सञ्चालनमा रहेका तर सम्बन्धन नपाएका संस्थाहरुलाई सम्बन्धन प्रक्रिया अगाडि बढाइनेछ ।
- उच्च शिक्षण संस्थाहरुलाई अनुसन्धान कार्यका लागि उपयोग नीति अवलम्बन गरिनेछ।
- नगरभित्रका उच्च शिक्षा प्रदान गर्ने मोडेल संस्थाहरु सञ्चालनमा प्रोत्साहन तथा अनुदानको व्यवस्था गरिनेछ।

**३. कृषि तथा पशु विकास सम्वन्धी**

- कृषक र उद्यमी: वालिङका सारथी भन्ने नारालाई साकार पार्दै कृषि योग्य भूमिको पूर्ण उपयोग गरी सघन खेती प्रणालीका माध्ययमबाट उत्पादन बढोत्तरी गर्ने नीति कार्यान्वयनमा ल्याइनेछ।
- दातृ निकाय, सहकारी, कृषक र नगरपालिकाको साझेदारीमा बजारीकरण तथा ब्राण्डिङ गरिनेछ।
- फलफुल, तरकारी, मसला बाली र पशुपालन पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरी स्थानीय उत्पादन बढोत्तरी गरिनेछ ।
- कृषकहरुको स्थानीय कृषि उत्पादनकेन्द्रीत पहुँचमार्ग निर्माण गरी स्थानीय उत्पादन प्रबर्द्धन गरिनेछ।
- कृषि एम्बुलेन्स तथा संकलन केन्द्र स्थापना गरिनेछ।
- पशु र कृषि क्षेत्रमा लागेका व्यक्तिहरुका लागि उद्यमी पुँजी सुरक्षित कार्य्रक्रम अन्तर्गत साझेदारी सञ्चालन गरिनेछ ।
- उत्पादनमा आधारित व्यवसायीक रुपमा कृषिबाली र पशुपालनमा संलग्न कृषकहरूलाई दिइने अनुदानको ढाँचा परिर्वतन गरिनेछ।
- व्यवसायिक कृषि तथा पशु फर्म सञ्चालन गर्ने किसानलाई व्यवसाय योजनाका आधारमा सहुलियतपुर्ण कर्जा प्रदान गरिनेछ।
- सहकारी तथा निजी क्षेत्रसँगको साझेदारीमा अदुवा, सुन्तला लगायत कृषि उपज संकलन केन्द्र स्थापना गरिनेछ ।
- स्थानीय कृषि उत्पादनको ब्राण्डीङ, प्याकेजिङ र बजारीकरण कार्यक्रमलाई सञ्चालन गरिनेछ।
- स्वरोजगारीमा आधारित उद्योगलाई उत्पादनको आधारमा अनुदान तथा शुलभ व्याजदरका लागि सहजीकरण गरिनेछ ।
- कृषकहरुलाई स्रोत व्यक्तिको रुपमा प्रशिक्षण दिई अनुभव साटासाटका लागि परिचालन गरिनेछ।

- आमा समूह, सहकारी तथा विभिन्न उत्पादनमूलक समूहबाट सामूहिक करार खेतीका लागि जग्गा तथा बीउँपुंजी परिचालन गरिनेछ ।
- महिला उद्यमीले समुहमा गर्ने लघु उद्यमका लागि आवश्यक उपकरण खरदको लागत आंशिक रुपमा नगरपालिले बेहोर्नेछ ।
- अपांगता भएका व्यक्तिले सञ्चालन गर्ने व्यवसायलाई नगरपालिकाले लिने शुल्क तथा करलाई शत प्रतिशतसम्म छुट दिने व्यवस्थाका लागि अध्ययन गरिनेछ ।
- नगरपालिकाको १४०० मिटर माथिका भूभागमा  दुई खेती आलु उत्पादन कार्यक्रम लागू गरिनेछ।
- नगरपालिकाको ८०० मिटर मुनि जमिनमा चैतेखेती धान बीउ उत्पादन गरी स्थानीय खाद्य बैँकको अवधारणा लागू गरिनेछ ।
- नमुना एकीकृत अर्गानिक फर्म स्थापनाका लागि प्रोत्साहन अनुदान दिइनेछ ।
- संस्थाहरुको सहकार्य तथा प्राविधिक सहयोगमा  जैविक तथा प्राङ्गारिक मल प्रयोग गरी किसानलाई यस कार्यतर्फ प्रेरित गरिनेछ ।
- फोहरमैला केन्द्रको जैविक मल प्रशोधन तथा वितरण प्रणालीलाई व्यवस्थित गरिनेछ ।
- निजी तथा बाँझो जग्गामा फलफुल तथा अन्य विरुवा लगाउन कृषकलाई अभिप्रेरित गरिनेछ ।
- कृषकहरुलाई माटोको प्रकार गुणस्तर, हावापानी अनुकुल खेती गर्न मल, बिउ र प्राविधिक सेवा उपलब्ध गराईने छ । प्राविधिकहरु गोठ तथा फर्ममा पुगी पशुपंक्षी सम्बन्धी सेवा दिने व्यवस्था मिलाईनेछ ।
- फलफुल तथा तरकारी भण्डारका लागी चिस्यान केन्द्र र दुग्ध संकलन तथा भण्डारणका लागी चिलिम केन्द्र यथोचित व्यवस्थाका लागी निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- कृषिलाई व्यासायिकरणको लागि हाईटेक नर्सरी, प्रोटेवल शित भण्डार, टनेल तथा थोपा सिंचाई जस्ता प्रविधिहरुको विस्तार गरिने छ ।
- आधुनिक प्रविधियुक्त व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा जोड दिई कृषकहरुलाई आम्दानी बढाउने खालका कार्यक्रमहरु संचालन गरिने छ ।
- कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै जैविक विषादी र प्राङ्गारिक मलको प्रयोग गरी Agro Product मा बढावा दिईने छ ।
- प्रत्येक वडामा Seed Bank स्थापना गर्दै जमिनको उत्पादकत्व र भूमिको प्रकारको आधारमा विभिन्न वडाहरुमा कृषि पकेट क्षेत्रका कार्यक्रमहरु संचालन गरीने छ ।

- पशु बीमा, नश्ल सुधार तथा कृषि बीमा, पशु सुरक्षा एवं प्रवर्द्धन कार्यक्रम संचालन गरी दुग्ध उत्पादन तथा बजारीकरणको सुलभ ब्यवस्था गरिने छ।
- उपयुक्त वडाको छनौट गरी एक घर एक मौरी घारको नीति अवलम्वन गरिने छ र मौरीको चरनका लागि घर वरपर फूलजन्य विरुवाहरु रोप्न प्रेरित गरिनेछ।
- कृषि तथा पशुपंक्षी जन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियनत्रण सम्वन्धमा रोकथाम तथा नियन्त्रणको नीति अवलम्वन गरिने छ।
- निजी क्षेत्रको साझेदारीमा अत्याधुनिक वधशाला निर्माण गरी सहरी क्षेत्रमा वातावरणीय सुधारमा जोड दिइनेछ।
- गोलभेडा तथा फलफूल एवं अन्य कृषिजन्य वस्तुहरुको प्रशोधनको लागि प्रशोधन केन्द्र स्थापना तथा संचालनको लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।
- कृषकको सहभागिता र साझेदारीमा  कृषि औजारको व्यापक रुपमा वितरण तथा तालिमको नीति अवलम्वन गरिने छ।
- गैर सरकारी संस्था एवं परोपकारी संस्थाको सहयोगमा खुला तथा अनियन्त्रित रुपमा छाडिएका चौपायाको व्यवस्थापन गर्ने नीति अवलम्वन गरिने छ र यसमा प्राविधिक सहयोग नगरको रहनेछ।
- सुन्तला तथा कागती क्षेत्र विकास गरिनुका साथै एभोकार्डो खेती व्यापकरुपमा बिस्तार गरिनेछ। कृषि उपज र उद्यम उपजको बजारीकरणको विकास गरिने छ।
- GIS पद्धतिद्वारा अध्ययन गरी भूउपयोग नीति तथा ऐन तर्जुमा Land Use प्रणालीको विकासका लागि भूमि बैङ्क स्थापना गरिनेछ। भूमिको वर्गीकरण गरी गरी कृषि क्षेत्रको विशेष संरक्षण गरिने छ।
- आर्थिक तथा सामाजिक क्षेत्रका हिसाबले पछाडी पारिएका वर्गहरुलाई प्राथमिकता दिई कृषि क्षेत्रमा रोजगार दिइनेछ। उनीहरु श्रममा आधारित खाद्यान्न कार्यक्रममा आबद्ध हुनेछन।
- वैदेशिक रोजगारीलाई कम गर्न कृषि पशुपालन र उद्योग व्यावसायहरुको व्यावसायिकरणमा विशेष प्राथमिकता सहित कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- मौसमी तथा बेमौसमि तरकारी उत्पादनका लागि बीउ,पुँजी तथा तालिमको व्यवस्था गरिनेछ र सो उत्पादनलाई बजारसँग आबद्ध गरिनेछ।
- कृषकलाई लगानीका आधारमा अनुदान दिने नीतिगत व्यवस्थालाई परिमार्जन गर्दै उत्पादन भएको फसल वा वस्तुका आधारमा मात्र अनुदान दिने व्यववस्थाको सुरुवात गरिनेछ।
- बालीनालीमा देखिएको बाँदरको आंतकलाई न्युनीकरण गर्दै मिसन कागती कार्यक्रम लागू गरिनेछ र तेजपत्ता र हाँडे ओखर खेतीमा जोड दिइनेछ।

- सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार हाटबजार संचालन गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।
- माछा पोखरी निर्माण लागतको निश्चित प्रतिशत अनुदान उपलब्ध गराउनुका साथै माछा पालनमा प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।
- दुग्ध उत्पादक किसानहरुलाई प्रोत्साहित गर्न उत्पादनको आधारमा विशेष अनुदानको व्यवस्था गरिनेछ । नगरपालिका भित्र दुधको मूल्यमा एकरुपता कायम गरिनेछ ।
- पशुपालन किसानहरुलाई दिँदै आएको पशु बीमा अनुदानलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ । बाली तथा पशु संरक्षण कोषको व्यवस्थालाई थप व्यवस्थित गरिनेछ ।
- सिंचाई सुविधा पुगेको र कृषियोग्य क्षेत्रलाई घडेरीमा परिवर्तन गर्ने कार्यलाई निरुत्साहित गरिनेछ र भूमि उपयोग सम्बन्धि नीति लागू गरिनेछ ।
- "पौरखी किसानको मान नगरपालिकाको सम्मान" सबै किसानलाई उत्पादनमा आधारित अनुदान नीति अवलम्वन गरिनेछ ।
- नगरका केही क्षेत्रमा समुदायमा आधारित एक एकीकृत कृषि "एग्रो –इको –टुरिजम" ब्यवसाय सञ्चालन गरिनेछ ।
- किसानहरूको लागि मोबाइल पशु क्लिनिक प्रदान तथा Lab को स्थापना गरिनेछ ।किसान विकास पत्र कार्यक्रमको अध्ययन गरिनेछ ।
- नगरभित्र Soil Health Card Scheme लागू गरी माटो परीक्षणका आधारमा खेती गर्ने पद्धतिमा सुधार गरिनेछ ।
- कृषि उत्पादन खरिद बिक्रीको लागि निजी क्षेत्रलाई कृषि उद्योग तथा व्यापारिक केन्द्र स्थापना गर्न प्रोत्साहन गर्ने र युवालाई सहभागी गराइनेछ ।
- उखु,अदुवा,अम्रिशो,बेसार,गेडागुडी, अमिलो,सुन्तला,च्याउ आदि खेतीलाई प्रोत्साहित गरिनेछ तथा प्रशोधन उद्योग स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- पशुपंछीपालनलाई बढावा दिन बस्तीदेखि टाढा वातावरण संरक्षणलाई ध्यान दिई गाई,भैँसी,कुखुरा,बङ्गुर आदिको व्यावसयिक उत्पादनको लागि स्थान निर्धारण गरिनेछ ।
- सिँचाईयोग्य भूमिलाई खण्डीकरण गरी आवासको लागि उपयोग गरिँदै आएकोमा त्यसलाई रोकी कृषिको आगि मात्र उपयोग गर्ने व्यवस्था मिलाईनेछ ।

## ४. रोजगारी तथा सीप विकास सम्बन्धी

- नगर विप्रेषण लगानी योजना ल्याई नगरका बासिन्दाको साझेदारीमा योजना सञ्चालन गरिनेछ ।
- साना तथा घरेलु उद्योगले उत्पादन गरेका सामग्री, महिला उद्यमीका उत्पादन आदिको ब्राण्डीङ प्याकेजिङ र बजारीकरणमा लागि सहयोगी सहजीकरण गरिनेछ ।
- नगरमा नव प्रवर्तन पुँजी कोष निर्माण गरी उद्यमी व्यक्तिहरुको पहिचानन र प्रबर्द्धन गरिनेछ ।
- नगरका व्यावसाय, सीप र ज्ञान, सोच, सीप भएका व्यक्तिहरुको व्यवसायिक इफिसियन्सी परीक्षण गरी लगानीमा जोड दिइनेछ ।
- नगरभित्र ईनोभेसन च्यालेन्ज फण्ड परिचालन तथा अध्ययन अनुसन्धान गरी व्यवसाय प्रबर्द्धन गरिनेछ ।
- नगर भित्रका रोजगारदाताहरुको म्यापिङ् तथा रोस्टर तथा प्रोफाइल तयार गरिनेछ ।
- नगरपालिकाभन्दा बाहिर रही स्वेदेश र विदेशमा ख्यातिप्राप्त, दक्ष तथा विज्ञ व्यक्तिहरुको ज्ञान तथा सीपलाई नगरको हितमा प्रयोग गर्ने वतावरण तथा संयन्त्र तयार गरिनेछ ।
- नगरपालिका बाहिर रहेका जनशक्ति स्थानीय उत्पादन र नागरिकहरुको सोच र सीपको Customization कार्यक्रमलाई लागू गरिनेछ ।
- अनलाइन बजारीकरण व्यवसाय सञ्चालन गर्न चाहने नागरिकहरुलाई प्रविधिको तालिम तथा प्रविधि निर्माणमा सहजीकरण गरिनेछ।
- मझौला तथा ठूला उद्योग स्थापनका लागि आवश्यक सडक लगायतका पूर्वाधारको पहुँच उपलब्ध गराउन नगरपालिकाले साझेदारी तथा सह–लगानीका विधि अवलम्वन गर्नेछ ।
- आवश्यक पुर्वाधार तथा जनशक्ती सहितको नवप्रवर्तन तथा उद्यमशिलता विकास केन्द्र स्थापना गरिनेछ ।
- कोभिड १९ बाट रोजगारी गुमाएकाहरुले कृषि, उद्योग वाणिज्य र पर्यटन अन्तर्गत रणनीतिक प्राथमिकताका क्षेत्रमा उद्योग व्यवसाय सञ्चालन गर्न चाहेमा उनीहरुलाई व्यवसाय योजना निर्माणमा सहयोग, व्यवसाय सञ्चालन तथा प्रवर्द्धन तालिम तथा विउ पुँजी र प्रविधि तथा आय आर्जन प्राप्तिमा सहजीकरण गरिनेछ ।
- युवा कृषकलाई तोकिएको मापदण्ड अनुसार उद्यशीलता प्रवर्द्धन गर्न Start up Business मोडल कार्यान्वयनमा ल्याइनेछ ।
- वैदेशिक रोजगारमा गएका व्यक्तिहरुलाई लक्षित गरी बिप्रेषणको उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न नागरिक बचत नीति लागू गरिनेछ । वित्तीय साक्षरता कार्यक्रम लागू गरिनेछ ।

- न्युन आय भएकालाई सहकारी तथा बैक वित्तीय संस्थाबाटसाना बचतकर्ताको बचत अभियान सञ्चालन गरिनेछ।
- न्युन आय भएकालाई लक्षित गरी प्रोत्साहनसहित लघु बिमा कार्यक्रम लागू गरिनेछ।
- स्थानीय पाठ्यक्रममा सहकारी विषय समावेश गरी विद्यालयमा सहकारी शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ। साथै उद्यमशीलताको ज्ञानलाई समावेश गरिनेछ।
- प्रतिस्पर्धी खुला कोष (Challenge Fund), आधार पुँजी (Start Up Fund) व्यवसाय विकास केन्द्र (Business Icubation Center) आन्तरिकीकरण गरिनेछ।
- सहलगानी र वितीय संस्थाहरुसँग सृजनशील वितीय कोष (Innovative Financing Fund) लगानीको वातावरण तयार गरिनेछ।
- श्रम गरी विदेशबाट फर्केका व्यक्तिहरुलाई प्रविधि, विज्ञता तथा वित्तीय सहयोग गरी उद्योग सञ्चालनका लागि प्रेरित गरिनेछ।
- स्थानीय तहमा महिला तथा युवा वर्गको उद्यमी समूह विकास गरी लगानीको वातावरण सृजना हुनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण गर्दै क्षमता विकास तथा उद्यमशीलतातर्फ प्रोत्साहित गरिनेछ।
- वडामा सफल देखिएका कुनै एक कार्यक्रमको विस्तारमा थप लगानी गरिनेछ।
- स्थानीय उत्पादनलाई इकर्मसको व्यवस्था गरी बजारीकरणमा टेवा दिइनेछ।
- प्रत्येक घरमा श्रममा आधारित खाद्यान्न कार्यक्रम अन्तर्गत कम्तीमा एक घर एक रोजगार सिर्जना गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ।
- विदेशमा गई कृषि क्षेत्रमा काम गरेर स्वदेश फर्केका युवा कृषकलाई आफूले सिकेको सीपको प्रमाण पत्रमा आधार तथा Business Plan को मूल्यांकनका आधारमा  Seed Money को व्यवस्था गरिनेछ।
- Indigenous Technology को प्रबर्द्धन गर्दै स्थानीय रैथाने प्रजातिका धान मकै, कोदो, कोसेवाली लगायतका अन्नहरुको संरक्षणको लागि बीउ बैक र व्यावसायीकरणका लागि कोसेली घरको स्थापना गर्ने नीति अवलम्वन गरिने छ।
- बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई कृषि क्षेत्रतर्फ आकर्षित गरी लगानी गर्न उत्पेरित गर्न Business Enerpreneurship सञ्चालनमा ल्याई स्वरोजगार तथा आत्मनिर्भर हुने व्यवस्था गरिनेछ।
- भूमि बैंकको अवधारणा  लागू गरी नागरिकहरुलाई यस कार्यप्रति प्रोत्साहन गरिनेछ।
- ग्रामीण भण्डारण योजना लागू गरी रैथाने प्रवधिमा आधारित स्टोर रुम बनाई सुन्तलाको भण्डारको लागत घटाइनेछ।

- Invest For Brain कार्यक्रम लागू गरी स्मार्ट नागरिकका लागि शिक्षा तथा क्षमता विकासमा लगानी गरिनेछ ।
- Stand of Waling का माध्यमबाट सबै नागरिकलाई लगानी र उत्पादनमुखी हुने सोच र संस्कारमा परिवर्तन गरिनेछ ।
- सुकन्या समृद्धि खाता कार्यक्रममार्फत  विपन्न महिलाका लागि बचत गर्न परामर्श तथा समूह वचतलाई जोड दिइनेछ ।
- विपदको लागि फुड बैंकको अवधारणा लागू गरी सहयोगी संस्थाहरुको सहयोगमा कार्यान्वयन गरिनेछ ।
- उत्कृष्ट कृषकलाई नगरपालिकावाट परिचयपत्र  तथा सम्मान गर्ने कार्यक्रमको निरन्तरता दिइनेछ ।
- एक वडा एक पोखरी, एक वडा एक चौतारीको कार्यक्रम लागू गरी श्रममूलक कार्यक्रम लागू गरिनेछ ।
- साना तथा निर्वाहमुखी पशुपालन गर्ने कृषकलाई दाना, घाँस, गोठ, खोर निर्माणमा अनुदान दिने व्यवस्था मिलाईनेछ र मागमा आधारित कार्यक्रमको निरन्तरता दिइनेछ ।
- नगरपालिका क्षेत्रमा सञ्चालित बैंक तथा वित्तीय संस्थाहरुले विभिन्न समूह (आमा समूह, टोल विकास संस्था, क्लव) लाई नगद तथा वस्तुगत सहायता उपलव्ध गराएमा त्यस्ता बैंकलाई "स्मार्ट कार्ड" नामक टोकन प्रदान  गर्न लागि सहजीकरण गरिनेछ ।
- कलेज तथा स्कुलका विद्यार्थीहरुका लागि  Internships and On the Job Training (OJTS) को रूपमा कार्य गर्नको लागि कृषि कलेजहरूसँग सम्झौता पत्र गरिनेछ ।
- दक्ष जनशक्तिको लगत र कार्य सूची तयार गरिनेछ ।
- यो वर्ष कम्तिमा २ वटा कृषि एम्बुलेन्सको व्यवस्था गरि कृषको उत्पादन बजार सम्म पुर्याउन र सम्भव हुने मलविउ र कृषि औजार कृषकलाइ कृषि फर्म गर्ने भुमी सम्म पूर्याउने व्यवस्था गर्ने ।
- कृषकलाई कागजसंग खेल्न समय नहुने हुदा उनीहरुलाई माटोसंगै खेल्न लगाइ प्रविधि,मल,विउ अनुदान आदिको मागको नीतिगत व्यवस्था गरिने छ ।
- उत्पादनका आधारमा दुध र कोदो उत्पादमा अनुदानको व्यवस्था गरिने छ ।
- कृत्रिम गर्भाधान गर्न सकिने पशु गाइ र भैसीमा निशुल्क गर्भाधानको व्यव्स्था गरिनेछ ।
- कृषकको आवश्यकता अनुसार पशु आहार (साइलेज) खरिद तथा ढुवानीमा अनुदानको व्यवस्था गरिने छ ।
- प्रत्येक ३ महिनामा नगरपालिका क्षेत्र भित्र घुम्ती रुपमा कृषक– मेयर/उपमेयर कार्यक्रम संचालन गरिने छ ।

- नगर क्षेत्रभित्रका सहकारीहरुलाई कुल लगानीको २५ प्रतिशत रकम कृषि तथा पशुपालन क्षेत्रमा पारदर्शी रुपमा सहुलीयत व्याजदरमा लगानी गर्ने व्यवस्था मिलाइने छ।
- नगरक्षेत्रभित्रका कृषि तथा पशु सेवातर्फका विभिन्न समिति/उपसमितिहरुमा कृषक प्रतिनिधि अनिवार्य रुपमा चयन हुने व्यवस्था मिलाइनेछ तथा सहुलयित व्याजदरमा लगानी गर्ने व्यवस्था मिलाइने छ।
- गोवरमललाई कम्पोष्ट र प्याकेजिङ्ग गरि विक्री वतरण गर्ने समुह र सहकारीहरुलाइ विशेष खालको अनुदानको व्यवस्था गरिने छ।
- दैवी प्रकोप,विपद् र महामरी जस्ता समस्याबाट हुने क्षती न्युनिकरण गर्नका लागी पशुपालन तथा कृषि राहतकोषको व्यवस्था गरिने छ।
- निर्यातजन्य दुग्ध पदार्थ ,मासु व्यवसाय संचालन गर्ने उद्यमी समुह वा सहकारकि लागि प्रोत्साहनमुखी नगर अनुदान कार्यक्रम सञ्चालन गरिने छ।
- युवाहरुलाइ फर्म स्थापना,शुद्धिकरण र विस्तारका लागि घुम्तीकोष मार्फत बढिमा २ प्रतिशत व्यजदरमा ऋणको व्यवस्था मिलाइने छ।
- गाइ भैसी संरक्षणका लागि वडा न १ देखी १४ लाइ विशेष गाइ भैसी पकेट क्षेत्र घोषण गरि प्रबर्धन कार्यक्रम लागु गरिने छ।
- वडा न ३,४,५,७ र १२ लाइ पकेट क्षेत्र निर्धारण गरि उद्योग मन्त्रालय र खाद्य प्रविधी तथा गुणनियन्त्रण विभाग संग समन्वय गरि कोदोको रक्सी उत्पादन,प्याकिङ र लेभलिङ्ग गरि बजारीकरणको व्यवस्था गरिने छ।
- वालिङ नगरका सवै वडाहरुमा बाख्रा पालनलाइ प्रोत्साहन गर्न पकेट क्षेत्र घोषण गरि बाख्रा पालन कार्यक्रम लागु गरिने छ।

**५. पर्यटन सम्वन्धी :**

- Culture, Nature र Advanture लाई संयोजन गरी रणनैतिक पर्यटकीय सहरको रुपमा विकास गरिनेछ।
- स्थानीय रङ्ग (Local Color) पहिचान र विस्तारका लागि संस्कृति र समुदायमा आधारित होमस्टे संचालनका लागि पूर्वाधारमा लगानी गरिनेछ।

- पर्वतीय अर्थतन्त्रको मोडलमा रही अग्ला उचाईका भूभागमा हिल स्टेशन (Hill Station) स्थापना गरिनेछ ।
- निजी क्षेत्रसँगको सहकार्यमा फिल्मी पर्यटन, शोध (Research) पर्यटन, इको भिलेज, पदयात्रा, कृषि पर्यटनलाई प्रबर्द्धन गरिनेछ ।
- नगरको पर्यटन दुत नियुक्ति गरी प्रचार प्रसारमा व्यापकता दिइनेछ ।
- पर्यटन क्षेत्रमा लगानी गर्न चाहने लगानीकर्ताका लागि व्यवसाय दर्ता, जग्गा प्राप्ती, समुदायको सहयोग प्राप्तिका लागि सहजीकरण गरिनेछ ।
- आँधिखोला बहुउद्देश्यीय जल बिहार परियोजनाको निर्माणका लागि विभिन्न तहका सरकारको सहलगानी जुटाइनेछ । आँधिखोला करिडोर र चेक ड्याम्प निर्माणका लागि तथा जलविहार लगायतको विशिष्ट संरचना निर्माण र सञ्चालनका लागि सार्वजनिक निजी साझेदारी गरिनेछ ।
- वालिङभित्र पर्यटकको औषत बसाई (दिन) २ दिन विस्तार गरिनेछ ।
- आन्तरिक पर्यटनका लागि मनोरञ्जन पार्कको निर्माण, Resort, ICT Park, Knowledge Park, Spiritual Area को पहिचान, संरक्षण र विकास गरिनेछ ।
- विभिन्न पर्यटकीय स्थानको पूर्वाधार निर्माण गरी होमस्टे, ध्यान केन्द्र, योग केन्द्र, सांस्कृतिक अध्ययन केन्द्र, कला केन्द्र आदिको विकास गरिने छ ।
- प्याराग्लाईडिड, क्यानोइङ, साईक्लिङ, र्‍याफ्टिङ जस्ता साहसिक पर्यटकलाई सहयोग पुग्ने खालका पूर्वाधार विकास एवं प्रवर्र्धनात्मक कार्यक्रम संचालन गरिने छ ।
- Eco Tourism लाई आधार लिई नगरपालिकाभित्र सञ्चालित होमस्टेहरुमा Organic स्वाद र Typical वातावरण निर्माण गरी पर्यटकहरुलाई आकर्षक गर्ने रणनीति लिइनेछ ।
- पर्यटन गन्तव्यहरुलाई एकीकृत गरी पर्यटन प्याकेजको निर्माण गरी पर्यटकलाई आकर्षित गर्ने नीति अवलम्वन गरिने छ । लोपन्मुख बाजा तथा संस्कृतिलाई जगेर्ना गर्ने नीति लिइनेछ ।
- यस नगरपालिका भित्रका जातिगत पर्व, बाजा, संस्कार, भेषभुषा, संस्कृतिको संरक्षणको लागि संग्राहलयनिर्माण गर्ने नीति अवलम्वन गरिने छ ।
- वालिङभित्रका पर्यटकीय क्षेत्र तथा कला संस्कृतिको सूचना तथा जानकारी ईन्टरनेटको माध्यमबाट सूचना प्राप्त हुने व्यवस्था मिलाईने छ ।
- पर्यटकीय तथ्य तथ्यांकन, ज्ञान, अध्ययन तथा अनुसन्धानका लागि सूचना केन्द्रको स्थापना तथा जनजातिको संङ्ग्रालय सञ्चालन गरिने छ ।

- घ्याङखोला क्षेत्रको जैविक तथा हरियालीलाई प्रबर्द्धन गर्दै "बोटानिकल गार्डेन" निर्माणको लागि लगानी गरिनेछ ।
- बाहुनथानको मनोरम दृश्यको प्रबर्द्धन गर्दै "सिलिकन गार्डेन" का रुपमा विकास गर्न पूर्वाधारमा लगानी गरिनेछ ।
- खाल्टे क्षेत्रको क्यानोनिङको विकासका लागि निजी क्षेत्रलाई साझेदारी तथा सहलगानीका लागि आब्हान गरिनेछ ।
- राम्चे, थामको चौर, मन्स्याङकोट क्षेत्रको विकास र प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।
- माझकोट शिवालय अन्तर्गत बुढाकोट क्षेत्रलाई पर्यटकीय क्षेत्रको सूचीभित्र समावेश गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।
- गौशालालाई बहुउपयोगी योजनाको रुपमा विकास गर्दै धार्मिक पर्यटकीय गन्तव्य स्थलको रुपमा स्थापित गर्न निजी क्षेत्र तथा धार्मिक संघ/संस्थासँग समन्वय गरी सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तरगत संचालन गरिनेछ ।
- उत्पादनमुखी पर्यटन (Product Based Tourism) विकास गरी पर्यटन प्रवर्द्धनलाई ख्याति दिलाइनेछ ।
- वालिङको बाटो भएर मुक्तिनाथ दर्शन गर्ने तिर्थ यात्रीहरुलाइ लक्षित गरि गाह्रौ कालिका र अकलादेवीको महिमा अन्तराष्ट्रिय रुपमा पहिचान हुने गरि प्रचार/प्रसार गरिने छ । साथै उक्त मन्दिरहरुमा पुग्नका लागि सहज यातायातको व्यवस्था मिलाइनेछ ।
- मन्स्याङकोटलाई प्याराग्लाइडिङ/रक क्लाइम्बिङ निर्माण गरिनेछ ।

**६. उद्योग तथा श्रम सम्बन्धी**

- स्थानीय उत्पादनलाई बढोत्तरी गर्न र रोजगारी सृजनाका लागि औद्यागिक ग्राम क्षेत्रमा पूर्वाधार विकासको लागि लगानी वढाइनेछ ।
- लक्षित वर्गलाई सीप विकास तालिम र रोजगारी एवम आय आर्जन सम्बन्धी विशेष कार्यक्रममा समावेश गरिनेछ ।
- नगरमा रहेको बेरोजगारको तथ्यांक संकलन गरी अभिलेख व्यवस्थापन गरिनेछ र श्रममा आधारित काममा परिचालन गरिनेछ ।
- कृषि तथा गैरकृषि उत्पादन, प्रशोधन, रोजगारी सिर्जना र स्थानीय समृद्धिको लागि लघु, घरेलु, साना तथा मझौला उद्यमहरुलाई अभियानको रुपमा विस्तार गरिनेछ ।

- स्थानीय वस्तुको उपभोग र उत्पादनमा जोड दिई कृषिजन्य वस्तुको प्रशोधन केन्द्रित उद्योग स्थापना गरिनेछ ।
- औद्योगिक क्षेत्रमा उद्योग स्थापनाका लागि पहल गरिनेछ र सो स्थानमा उद्योगलाई आकर्षित गर्न कर छुटको प्याकेज ल्याइनेछ ।
- घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्र्धनमा जोड दिई Indigenous Technology लाई प्रवर्द्धन गरिनेछ ।
- स्थानीय तहमा उद्योग स्थापनाका लागि एकीकृत कानूनको निर्माण तथा संरचना निर्माण गरिनेछ ।
- स्थानीय उत्पादनको प्रबर्द्धन गरी निर्यातमूलक उद्योगको विकासका संभाव्यता अध्ययन गरिनेछ ।
- नगरभित्र उद्यम घर र पैँचो पसल कार्यक्रम लागू गरिनेछ ।
- Public Private Partenrship मोडेलमा केवल कार, पार्क, सडक, उद्यानजस्ता क्षेत्रहरुको पहिचान गरी सो उद्योगहरु स्थापना गरिने छ ।
- प्रचलित कानून अनुसार विकास साझेदारसँग विकास सहायता लिइनेछ र नगरले तोकेको दिगो विकासका लक्ष्य अन्तर्गत ती सहयोगलाई परिचालन गरिनेछ ।
- स्थानीय रुपमा लगानी सम्मेलन गरी प्रर्याप्त लगानी भित्र्याईने नीति अवलम्वन गरिनेछ । लगानी प्रबर्द्धनका लागि कर छुट तथा सहुलियतको ब्यवस्था गरिने छ ।
- वालिङ न.पा.मा संचालन गर्ने योजनाहरुको छनौट, संचालन तथा वैदेशिक सहायता लगायतको खोजीका लागि विज्ञहरु संलग्न रहेको Expert Team गठन गरिने छ ।
- नगरको तथ्याङक अभिलेखलाई Digitalize गरी स्वरोजगार तथा सीपमूलक कर्यक्रमको पहुँच नागरिकसामु पुर्याइनेछ ।
- आर्थिक विकासलाई टेवा पुऱ्याउने व्यवसाय तथा कलकारखानाको स्थापना र सञ्चालनमा प्रोत्साहन गरिनेछ । नगरपालिकामामा Think Tank स्थापना गरिनेछ ।
- स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यम प्रर्वद्धन गर्न सीपमूलक तालिम व्यवस्था गरी उत्पादित वस्तुको वजारीकरणको सुनिश्चितता गरिनेछ ।
- विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण संकलनका लागि Employment Information Center को स्तरोन्नति गरिनेछ ।
- रोजगार सूचना केन्द्रमा निर्माण सेवा व्यावसाय, उद्योग, कृषि लगायत क्षेत्रमा रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ ।

- अपाङ्गता भएका व्यक्तिले संचालन गरेको उद्योग/व्यवसायहरुमा तोकिएको करमा ५०% छुट दिइने नीति अवलम्वन गरिनेछ।
- हाते ट्र्याक्टर मर्मत सम्भार गर्ने तालिम सञ्चालन गरी रोजगार सृजना गरिनेछ।
- Waling Innovation Center र विभिन्न आविष्कार केन्द्र तथा विश्वविद्यालयसँग सहकार्य गरी नवीन उत्पादन गरिनेछ।
- कृषि तथा पशुपंक्षि व्यवसाय प्रबर्धनका लागि स्थानीय स्तरमा गुणस्तरीय विउ विजन उत्पादन तथा गुणस्तरीय पशुपंक्षीका आहार उत्पादन गर्ने उद्योगको स्थापना गर्ने।

**७. युवा तथा खेलकूद**

- नवयुवाको जोश र ज्ञान वालिङको भविष्यको शान भन्ने नारालाई मनन गरी खेलकूद क्षेत्रको विकास, पूर्वाधारको निर्माण, सिकाई, प्रतियोगिता आदिको आयोजना निरन्तर गरिनेछ।
- वालिङ नगरपालिकामा अवस्थित खेलकूद मैदानलाई पूर्वाधारयुक्त सुविधा सम्पन्न रंगशाला, नियमित खेलकुद, खेल प्रतिष्ठान निर्माण गरिने छ।
- वालिङ नगरपालिकामा अवस्थित कभर्डहलको मर्मत सम्भार गरिने छ र प्रत्येक वडामा एक ब्यवस्थित खेल मैदान स्थापना गरिने छ।
- मेयर कप /उप मेयर कप खेलकुद प्रतियोगितालाई नियमित संचालन गरिने छ। साथै पालिकास्तरीय भलिबल/फुटवल र विद्यालयस्तरीय खेदकुद संचालन गरनेछ।
- खेलकुद विकास तथा नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै खेलमैदानहरुको उचित संरक्षण र व्यवस्थापन गरिनेछ।
- पार्क, खुलाक्षेत्रको पहिचान गरी तिनलाई खेल मैदान बनाउनका लागि सरकारी तथा सार्वजनिक जग्गालाई प्रयोगमा ल्याउन आवश्यक कानुनी प्रक्रिया अबलम्बन गरिनेछ
- पार्क तथा खुलाक्षेत्र निर्माण गर्दा न्यूनतम मापदण्ड कायम गरी महिला वालबालिका, जेष्ठ नागरिक र फरक क्षमता मैत्री बनाइनेछ।
- "एक वडा: एक खेल मैदान" कार्यक्रमको कार्यान्वयन गरिनेछ।

## ८. सहकारी तथा अन्य वित्तीय क्षेत्रसँग सम्वन्धी

- सामूहिक भावना बोकेका नगर स्थित सहकारी संस्थाहरुको Corporate Governance अनुसार अनुमति, नियमन, विस्तार, प्रशिक्षण सम्बन्धी कार्यक्रम संचालन गरिने छ।
- Social synergy का रुपमा रहेको स्रोत श्रम, साधान सीप र पूर्जीँको अधिकतम परिचालन गरी करार खेती प्रति प्रोत्साहन गरिनेछ।
- प्रत्येक वडामा एउटा नमुना सहकारीको स्थापना र संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ। हरेक गाउँमा उद्यम सहकारी /कृषि सहकारी र उपभोक्ता सहकारी स्थापनामा जोड दिईनेछ।
- Corporate Culture को विकास गर्दै सहकारी शिक्षा, सहकारी ब्यवसाय प्रवर्द्र्धन जस्ता सहकारी सम्वन्धी आवश्यक तालिम संचालन गरिने नीति अवलम्वन गरिने छ।
- सहकारी संस्थाको कानुनी निर्देशन, मापदण्ड कार्यान्वयन र नियमनमा विशेष जोड दिने नीति अवलम्वन गरिने छ र Social Energy लाई प्रबर्द्धन गरिनेछ।
- नगरभित्रका सहकारीहरुको Reporting Mechanism लाई सबलीकरण गर्दै मासिकरुपमा विवरण बुझाउनुपर्ने ब्यवस्था गरिने छ।
- स्थानीय सहकारीहरुलाई विधि सम्मत ढंगबाट सञ्चालन गर्न र नियमन गर्न सूचना प्रविधिमा आधारित एकिकृत तथ्याङ्क निमार्ण र अद्यावधिक गरिनेछ।
- वित्तीय संस्थाहरुको तथ्यांक अध्यावधिक गर्दै Social Accountability प्रति जिम्मेवार बनाइनेछ।
- श्रम, साधान सीप र पूर्जीँको अधिकतम परिचालन गर्न वित्तीय संस्थाहरुसँग साझेदारी गरिनेछ।
- नगरपालिका जमानत बसी वित्तीय संस्थाहरुबाट Smart Card, Banking Card, P Card जारी गरी लगानीका लागि प्रोत्साहित गरिनेछ।
- उपभोक्ताहित संरक्षण र बजार व्यवस्थापनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने।

## ९. सामाजिक विकास सम्वन्धी

- भिन्न क्षमता भएका व्यक्तिहरु, महिला, दलित, विपन्न, बहिष्करणमा परेका समुदायहरुका लागि चेतनामूलक कार्यक्रम विस्तार गरिने छ।
- भिन्न क्षमता, ज्येष्ठ नागरिक र जोखिममा परेका नागरिकका लागि सुरक्षित सेल्टरको ब्यवस्था गरिने छ। बाबु आमाको कुशल हेरचाह र संरक्षण गरेका व्यक्तिलाई श्रवणकुमार पुरस्कार प्रदान गरिनेछ।
- अपांगमैत्री भैतिक संरचनाहरुको बिकाश गर्नका लागि पहल गरिने छ।

- सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्यमा समाजिक तथा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- मजदुर सञ्चित कोष स्थापना गरि श्रमिकहरुको कल्याणका लागि सामाजिक सुरक्षा गरिनेछ।
- भूमिहिन विपन्न परिवारलाई हिँउदे करारखेतीका लागि सहजीकरण गरिनेछ ।
- नगरभित्रका ६८ वर्ष नाघेका वृद्धवृद्धालाई हरेक महिना स्वास्थ्य परीक्षण र उपचारको सेवा घरदैलोमा विस्तार गरिनेछ ।
- स्थानीय प्रशासनको सहकार्यमा सिसिटिभी जडान तथा नगर प्रहरी साझेदारी कार्यक्रम शुरुवात गरिनेछ ।
- लोपोन्मुख जातिहरु माझी, कुमाल र दलितहरुका साथै विपन्न वर्गहरुको लागि विशेष कार्यक्रम ल्याईनुका साथै उनीहरुको परम्परागत पेसा, कला र संस्कृतिको संरक्षण गरिनेछ ।
- आर्थिक सामाजिक रुपले विपन्न वर्गमा  समावेश गरी आय आर्जन, गरीवी न्युनीकरण, रोजगारी प्रवर्द्र्धन जस्ता कार्यक्रमलाई विशेष प्राथमिताका साथ अगाडि बढाईनेछ ।
- गरीवीको कारण समाजमा रहेका खरका छाना भएका घरहरुको लगत लिई खरको छानालाई विस्थापित गरी जस्तापाताद्धारा छाउने कार्यलाई निरन्तरता दिईनेछ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणाली सुदृढीकरण गरी सम्पूर्ण तथ्यांकलाई डिजिटाइजेसन गरिनेछ ।
- ज्येष्ठ नागरिकको अनुवभव र ज्ञानलाई नयाँ पुस्तासँग जोडन Knowledge Transfer forum  स्थापना गरिनेछ ।
- महिला हिंसा र आत्महत्याको कारण पहिचान गरी महिलाको सवालमा कार्यरत संघ संस्थाहरुको पहिचान तथा सञ्जाल निर्माण, संस्थागत विकास र सुदृढीकरण, क्षमता अभिवृद्धि, समन्वय र सहकार्य गरिनेछ ।
- सरोकारवाला निकायहरुको समन्वय तथा सहकार्यमा महिला सम्बन्धी घटनाहरुको अभिलेखीकरण, अनुसन्धान, प्रकाशन तथा सहयोगी संयन्त्रको विकास (सुरक्षावास, मनोविमर्श, कानूनी सहयोग, स्वास्थ्य सेवा) यस अभियानका रुपमा सञ्चालन गरिनेछ ।
- महिला हिंसाको न्यूनीकरण गर्न आवश्यक तथ्यगत पैरवीका लागि समुदायस्तरदेखि नगरपालिका तहसम्म अभियानका कार्यक्रम सञ्चालन गरिनेछ ।
- आय आर्जनका गतिविधि बढाउन महिला तथा आमा समूहहरुलाई बीउ पुँजी उपलब्ध गराइनेछ ।
- महिला अधिकारको सुनिश्चितता गर्न विभिन्न खाले चेतनामूलक कार्यक्रम (एफ.एम.,टि.भी. कार्यक्रम प्रशारण,सडक नाटक , क्षमता अभिवृद्धि (तालिम ,गोष्ठी) कार्यक्रम सञ्चालन गरिनेछ ।

- महिला उपर हुने घरेलु हिंसा, दुव्र्यवहार, लैंगिक हिंसा, बोक्सीको आरोप, बलात्कार, दाईजो तथा बालविवाह अन्त्यका लागि सामाजिक सचेतना कार्यक्रम नगरव्यापी रूपमा सञ्चालन गरिनेछ।
- लैंगिक हिंसा अन्त्यमा पुरुष तथा युवा सहभागिता परिचालन गर्ने गरी पुरुष सञ्जालीकरणको विस्तार गरिनेछ।
- लैंगिक तथा सामाजिक समावेशीकरणका कार्यक्रमलाई प्रोत्साहन गर्दै लैजाने साथै समाजमा रहेका सबैखाले भेदभाव न्यूनीकरणका लागि कार्यक्रम संचालन गरिनेछ।
- स्थानीय तहमा निर्वाचित महिला जनप्रतिनिधिहरूको क्षमता विकास अन्तर्गत Knowledge Sharing Forum सञ्चालन गरिनेछ।
- बीउपुजी मार्फत उत्पादनमुलक ब्यवशायका कार्यक्रमहरुमा महिलाहरुलाई सहयोग गरिनेछ।
- समाजमा विद्यमान कुरिती कुसंस्कार विरुद्ध जनचेतनामुलक अभियान सञ्चालन गर्नुका साथै श्रीमान श्रीमती , साशु बुहारी छलफल कार्यक्रमहरु गर्ने अभियान ल्याइनेछ।
- महिलाहरुको भुमिमा स्वामित्वका लागि संयुक्त लालपुर्जा कार्यक्रम लागू गर्न जोड दिइनेछ।
- बालश्रम मुक्त घोषणा कार्यक्रम लागू गरिनेछ र बालसचेतना तथा जागरण कार्यक्रमलाई जोड दिई स्मार्ट बाल क्लब गठन गरिनेछ।

**१०. खानेपानी सम्वन्धी**

- खानेपानीको स्रोत संरक्षण तथा उपयुक्त पुर्वाधार विकास गरी Water Governance मा केन्द्रित रही खानेपानीको आपुर्ति व्यवस्था मिलाइनेछ।
- सवै नगरवासीहरुलाई भरपर्दो,शुद्ध र गुणस्तरीय खानेपानीको सेवाका लागि 'एक घर एक धारा' नीति सवै वडाहरुमा विस्तार गरिने  कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- तथ्यांकमा आधारित भई सवै खानेपानी आयोजनाहरुलाई समितिमा आवद्ध गरी न्यूनतम शुल्कको व्यवस्था गरी मर्मत सम्भार कोषको सञ्चालन गरिने छ। र सो कोषको कार्यविधिलाई समय सापेक्ष परिमार्जन गरिनेछ।
- वालिङ नगरपालिका Municipal WASH समिति गठन गरी सवै खानेपानी समितिहरुको नियन्त्रण र एकीकृत विकास गर्न Integrated Mechanism  निर्माण गरिनेछ।
- साना शहरी खानेपानी योजनालाई ब्यवस्थित गर्नुका साथै नयाँ खानेपानी विस्तार गर्दा भूमिगत पानीका लागि डिप बोरिङमार्फत गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

- सुख्खाग्रस्त क्षेत्रहरुका पोखरीहरुको पुनर्भरण तथा मर्मत सम्भार गरिनेछ ।
- नगरभित्रका पानीका मूलहरुको पहिचान गरी Water Audit गरिनुका साथै Water Resource अध्ययन गरिनेछ ।
- प्रत्येक खानीपानी योजनाका २ जना हेरालुलाई WASH सम्बन्धी तालिम दिइनेछ ।
- लिफ्टिङ खानेपानी योजनाहरुको विद्युत महशुल छुटको लागि अध्ययन गरिनेछ ।
- चालु अवस्थामा रहेका पधेरा कुवाहरुको मर्मत तथा व्यवस्थित Self Water Recharge System को अध्ययन गरिनेछ ।
- नगरभित्रका सम्पूर्ण पिउने पानीका स्रोतहरुको Water Quality Test गरी वैकल्पिक स्रोत तथा Treatment को व्यवस्था मिलाइनेछ ।
- सम्पूर्ण वडाहरुमा Water Table को अध्ययन गरिनेछ ।
- MIMP (Municipal Wash Monitor Plan) निर्माण गरिनेछ ।

**११. संस्कृति प्रवर्द्धन सम्वन्धी**

- माझी, दलित, गुरुङ, मगर कुमाल मुस्लिमहरुको संस्कृति संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- विभिन्न जाति र भाषीको साँस्कृतिक सम्पदाको अध्ययन तथा तथ्याङ्क संकलन गरी डकुमेन्ट्री निर्माण गरी अध्यावधिक गरिनेछ ।
- स्थानीय संस्कृति तथा सम्पदा विचलन पुर्याउने सवैखाले अवाञ्छित गतिविधिलाई रोकथाम, नियन्त्रण र नियमन गरिनेछ ।
- नगरपालिकाभित्र बसोबास गर्ने विभिन्न जातजातिमा आधारित भाषा, संस्कृति, सम्पदा तथा परम्पराको अनुसन्धान गर्दै संरक्षण कार्यमा जोड दिइनेछ र आवश्यक कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- होमस्टे (घरबास) लाई पर्यटकीय गन्तव्य स्थलको Mapping गरी नगरको मुख्य स्थान तथा सूचना केन्द्रमा Display गर्ने व्यवस्था मिलाइनेछ ।
- आवश्यक पूर्वाधारहरुको निर्माण गर्दै अन्य तालीम, अध्ययन अवलोकन लगायतका प्रवर्द्धनात्मक क्रियाकलापहरु संचालन गरिनेछ ।
- होमस्टे (घरबास) लाई नगर भित्रका उत्कृष्ट कलाकारहरु पुरस्कृत गर्ने, कलाको संरक्षण गर्ने लगायतका कामहरुलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । नगरपालिका भित्र लुकेर रहेका प्रतिभाहरुको

पहिचानको लागि विभिन्न प्रकारका मैत्रीपूर्ण प्रतिस्पर्धा गरी कला, साहित्य र सृजनाको संरक्षण र सम्वर्द्धन गरिनेछ ।

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुको सहकार्य र सह–लगानीमा आधुनिक सुविधासम्पन्न सांस्कृतिक भवन (नाच घर) सार्वजनिक निजी साझेदारी अवधारणामा निर्माण गर्ने प्रक्रिया अगाडि बढाइनेछ । नगरभित्र परम्परागत कला तथा संस्कृति झल्कने गरी सङग्रहालय तथा बूढघर तथा नाचघर स्थापना गरिनेछ ।
- प्राचीन इतिहास तथा मिथक बोकेका चौतारा, धारा, पाटीपौवा तथा पोखरीहरुको पुनर्निमार्ण तथा जीर्णोद्वार गरिनेछ ।
- नगरभित्रको पर्यटन, संस्कृति कला साहित्यको प्रचार प्रसार गर्न वालिङ साहित्य महोत्सव सञ्चालन गरिनेछ ।
- सम्पदाहरुको अभिलेखिकरण, प्रवर्द्धनका लागि रणनीति तय गरिनुका अतिरिक्त पर्यटकीय महत्वका विविध विषयहरुलाई समेटी वृत्त चित्र निर्माण लगायत अन्य माध्यमबाट प्रचारप्रसार गरिनेछ ।
- आँधीखोलामा चेक ड्याम निर्माण गरी Boating का लागि दुबै किनारमा Lighting System को व्यवस्था गरिनेछ ।
- ९९ प्रतिशत गुरुङहरुको वस्ती भएको वडा नं ३ मा गुरुङ जातीका भेष भुषा, संस्कृति, इतिहास झल्किने गरि संग्रहालय र वडा नं २ छप्राकमा सार्की जातीको संस्कृति झल्किने खालका संग्रहालय स्थापना गरिनेछ । साथै वडा नं. ७, तल्लो र माथिल्लो ताप्केमा मगर संग्रहालय स्थापना गरिनेछ ।

## १२. पूर्वाधार विकास सम्वन्धी

- नगर क्षेत्रभित्र तथा बाहिर यातायातको सुविधा पुऱ्याउन नगर यातायात गुरुयोजना (MTMP- Municipal Transport Master Plan) तयार गरी सडकको एकीकृत लगत तयार गरिनेछ ।
- सहरी तथा ग्रामीण क्षेत्रमा सडक तथा यातायातको पहुँच विस्तार गर्दा पानीका श्रोत, वनजंगल, प्राकृतिक स्रोत तथा धार्मिक क्षेत्र प्रतिकूल असर नहुने गरी गरिनेछ ।
- सिद्धार्थ राजमार्गको चाप कम गर्न तथा नगरको यातायात तथा पर्यटन क्षेत्रमा योगदान गर्ने गरी आँधिखोला करिडोर निर्माण कार्यलाई उच्च प्राथमिकता दिइनेछ । यस सडकलाई द्रुत गतिमा विस्तार गरिनेछ ।
- "एक वडा : एक पक्की सडक" कार्यक्रमलाई गाउँ टोलसम्म पुग्नेगरी वहुवर्षीय आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ ।

- पूर्वाधार क्षेत्रमा Local Government Integrated Circle (LOGIC) अवधारणा लागू गरी लगानी र वैकल्पिक स्रोत जुटाइनेछ ।
- सबै घरधुरीमा विद्युतीकरण र पोल व्यवस्था गरी उज्यालो वालिङ कार्यक्रम लागू गरिनेछ ।
- नगरपालिकाका घरधुरीलाई सडक मार्गलाई नम्बरिङ गरिनेछ ।
- छाडा चौपाया व्यवस्थापन, बजार अनुगमन र बजार व्यवस्थापनको नीतिगत व्यवस्था गरिनेछ ।
- एक घर एक खानेपानी धारा कार्यक्रमलाई लागू गरिनेछ । नगरका सहायक सडकहरुको मर्मत र स्तरोन्नति गरिनेछ ।
- नगरमा Project Bank स्थापना गरी Local Game Changer परियोजना कार्यान्वयन गरिनेछ । बहुवर्षीय योजनाको कार्यान्वयन गरिनेछ ।
- नगरका सहरी क्षेत्रमा ७० तथा ३० प्रतिशत साझेदारीमा सडकलाई कालोपत्रे गरिनेछ ।
- सिद्धार्थ राजमार्गमा यात्रु प्रतिक्षालय तथा यातायात विश्रामस्थल र सार्वजनिक शौचालय तथा खाजाघर निर्माणको योजना बनाइ रिफ्रेसमेन्ट केन्द्र स्थापनालाई निरन्तरता दिइनेछ ।
- सबै किसिमका पूर्वाधार निमार्ण गर्दा फरक क्षमता भएका व्यक्ति र जेष्ठ नागरिकको पहुँच सुनिश्चितता हुने गरी समावेशी विकासको अवधारणालाई लागू गरिनेछ ।
- शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२ को पूर्ण पालनामा जोड दिईनेछ ।
- टोल विकास संस्थाहरुसँग नक्सा पास र घरहरुको अभिलेखीकरण सम्बन्धी अन्तर्किया गरिनेछ ।
- नगरपालिकाको चक्रपथको निर्माण गर्ने कार्यलाई शिघ्रताका साथ अगाडि बढाईने छ ।
- सिद्धार्थ राजमार्गलाई विस्तार गर्ने तथा सडकको क्षेत्राधिकार भित्रका घर टहराहरु हटाउने र दुर्घटना मुक्त क्षेत्रको रुपमा विकास गर्ने नीतिलाई अवलम्वन गरिने छ ।
- सडकको दायाँ बायाँ फूलबारी र हरियाली प्रवर्द्धन गरी हरित शहरको रुपमा विकास गरिने छ ।
- नगरक्षेत्र भित्र सञ्चालनमा रहेका टेम्पोहरुलाई व्यवस्थित गर्ने र नगरपालिकाको क्षेत्रभित्र विद्युतीय सवारी साधन सञ्चालनमा जोड दिईने छ ।
- प्रत्येक वडाका सडक, खानेपानी, सिंचाई र फोहोर व्यवस्थापन गर्न रणनैतिक योजना निर्माण कार्यान्वयन गरिनेछ ।
- नगरपालिका भित्रका सवै वडामा एउटै प्रणालीको विद्युत उपलब्ध गराइ पूर्ण रुपमा लोडसेडिड हटाउन पहल गरिने छ । नगरभित्रका पोलका तारहरुलाई व्यवस्थित गराईने छ ।

- नयाँ बजार र नयाँ वस्ती विकासका लागि योजना निमार्ण गरिने छ । Land Pooling को माध्ययमवाट व्यवस्थित बजार र वस्तीको विकास गरिने छ ।  पुरानो बजारहरुलाई क्रमशः सुधार गरी सडक चौडा गर्ने, ढल तथा नालाको व्यवस्था गरिने छ ।
- एक वडा एक पार्कको अवधारणा अनुसार कार्यक्रम लागु गरिनेछ ।
- नगरको सवै वडाहरुमा ठूला योजनाहरु सडक, खानेपानी, सिञ्चाई एवं अन्य पूर्वाधार निर्माण गरि व्यवस्थित रुपमा कार्य गरिने छ । नगरभित्रका पूर्वाधार निर्माण गर्दा वडास्तरीय, नगरस्तरीय र प्रदेश तथा संघस्तरीय योजना तयार गरी तीन तहमा वर्गीकरण गरी कार्यान्वयन गरिने छ ।
- भैपरी आउने पूर्वाधार निर्माण गर्नका लागि कूल पूर्जीँगत बजेटको वडा स्तरीय योजनाका लागि कम्तिमा १० प्रतिशत र नगरस्तरीय योजनाका लागि ५ देखि १० प्रतिशत बजेट मर्मत सम्भार कोषमा विनियोजन गरिने छ ।
- नगर यातायात र नगर ग्रामीण यातायातलाई व्यवस्थित र सुरक्षित बनाईने छ । साथै मापदण्ड तोकि रुट परमिटको व्यवस्था गरिने छ ।
- वडा कार्यालयको भवन नभएको वडाहरुमा क्रमशः वडा कार्यालय भवनको निर्माण गरिने छ । वालिङ नगरपालिका भित्र सामुदायिक सभागृह निर्माण गरिने छ ।
- नगर आसपासका क्षेत्रहरुको विकास गरि स्याटलाईट सिटी/भिलेजको रुपमा विकास गरिने छ । नयाँ नापी गराई बाटोलाई लगत कट्टा गरी सार्वजनिक बनाईने छ ।
- पूर्वाधार निर्माणमा सार्वजनिक निजी साझेदारी नीति अनुशरण गरी लागू गरिने छ । वालिङ–ग्रहौंसुर–बाहुनथान केवलकारको संभाब्यता अध्ययन गरिने छ ।
- बायटारी देखि छाङ्छाङ्दीसम्म आँधीखोला करिडोर सम्पन्न गरिने छ र आँधीखोलामा चेक ड्याम निर्माण गरि पानीको सतहको सुधार गरिने छ ।
- टेलिफोनको तामाको तारलाई विस्थापित गरी अप्टिकल फाईबरमा जाने नीति लिईने छ ।
- सिकर्मी र डकर्मीहरुलाई भवन निर्माण प्रविधि र भवन संहिता सम्बन्धी तालीम दिई दक्ष बनाइनेछ र किफायती आवासका नमूना नक्साहरु तयार पारी नगरबासीलाई उपलब्ध गराइनेछ ।
- नगरको विद्युत सेवालाई भरपर्दो र गुणस्तरीय बनाउनको लागि विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत पोल र ट्रान्समिटर जडान, सडक बत्ती व्यवस्थापन लगायतका पूर्वाधारका निर्माणको कामलाई प्राथमिकता दिईनेछ ।
- रिङ्ग रोडको विस्तृत परियोजना प्रस्ताव तयारीका लागि आवश्यक पहल गरिनेछ । नगरपालिकामा अटो व्यवसायीहरुसँगको साझेदारीमा सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार "अटो भिलेज" निर्माण गरिनेछ ।

- नगरभित्रका आर्थिक, सामाजिक तथा वातावरणीय कार्यक्रम र आयोजनाको Screening गरी Project Bank स्थापना गरिनेछ। Local Game Changer Project को पहिचान गरिनेछ।
- नगरभित्रका आयोजनाहरुलाई वहुबर्षीय र प्राथमिकता तोक्न सूचकसहित वस्तुपरक र वैज्ञानिक मापदण्ड बनाइनेछ।
- मध्यकालीन खर्च संरचनाको निर्माण गरी योजना र बजेटका बीचमा तालमेल मिलाई पुँजीगत खर्च प्रणालीमा सुधार गरिनेछ।
- वालिङमा निमार्ण हुदै गरेको वसपार्कलाई व्यवस्थित बनाउदै निर्माणकार्य पूरा गर्ने, सिद्धार्थ राजमार्गको सुरक्षामा ध्यान पूर्याउने र ग्रामिण सडकहरुको स्तरोन्नतिका लागि मौजुदा प्रविधि, सामग्री र जनशक्ति प्रयोग गरि सक्दो सुरक्षित बनाइनेछ।
- मुस्लिम समुदायहरुको अन्तिम दाहंसस्कारका लागि कव्रस्थानका लागि जमिन खरिद गर्न आर्थीक व्यवस्था मिलाइने छ। साथै मदरसा स्थापना र शिक्षकको व्यवस्था मिलाइने छ।

## १३. सिंचाई सम्बन्धी

- नगरपालिका क्षेत्र भित्रको प्रत्येक खेतीयोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा प्रदान गर्नको लागि कुलोपैनीमा लगानी गरिनेछ।
- सिंचाई सुविधाको लागि वैकल्पिक पद्धति तथा विधिको अध्ययन गरिने छ।
- नगरको विभिन्न क्षेत्रमा बहुउपयोगी पुनर्जलिय Refill Tank निर्माण गरी सिँचाइ प्रणालीको विकास गरिनेछ।
- सिंचाई प्रणाली आसपासका जग्गाहरु बाँझो राख्न नपाउने व्यवस्थालाई कार्ययोजना सहित कार्यान्वयनमा लगिनेछ।
- एक गाउँ एक सिँचाइ योजना लागू गरिनेछ।
- एक वडा एक रिचार्ज पोखरी निमार्ण गरिनेछ।
- उपयुक्त स्थानहरुमा बहुउपयोगी सिंचाई पोखरी निर्माण गर्ने कार्य अघि बढाइनेछ।
- Water Mapping र Water Audit गरी पानीको मूल तथा स्रोतको संरक्षण गरिनेछ। परम्परागत र हराएका कुलोहरुको संरक्षण गरिनेछ।
- सहकारी तथा समुदायमा आधारित सिँचाइ प्रणालीलाई प्राथमिकतासाथ सञ्चालन गरिनेछ।

- उपभोक्ताहरुलाई स्रोतसहितको सहभागितामा नियमित मर्मत, व्यवस्थापन र उपयोग गरिने कुलोहरुको व्यवस्था गरिनेछ।

**१४. भवन तथा शहरी विकास सम्वन्धी**

- यस नगरपालिकावाट पास गरिने नक्साहरुलाई Electronic Building Permit System बाट नक्सा पास प्रक्रियालाई अनलाईन सेवामा आवद्ध गरिनेछ।
- नक्सा पास तथा अभिलेख सम्वन्धमा जनचेतना जगाउन टोल विकास संस्थाहरुसँग नियमित अन्तरक्रिया गरिनेछ। कुनै पनि घर, टहरा बनाउदा नक्सा पास गरेर मात्र बनाउने व्यवस्था अनिवार्य गरिनेछ।
- भूमिगतरुपमा पार्किङको ब्यवस्था गरी घर निर्माण गर्दा पार्किङ क्षेत्रको नक्सा पास दस्तुर पूर्णरुपमा छुट दिने नीतिको निरन्तरता दिइनेछ।
- नगर क्षेत्रभित्रका १४ वटै वडाका घरहरुमा Pink Color अनिवार्य गरिनेछ। पुराना घरहरुमा पनि अनिवार्य रुपमा Pink Colour लगाउन प्रोत्साहन गरिनेछ।
- व्यवस्थित शहरी विकासका लागि Land Pooling को कार्य गर्न केहि स्थानमा न.पा.को Pilot Project को रुपमा विकास गरिनेछ र व्यवस्थित शहरको लागि अध्ययन गरिनेछ।
- सार्वजनिक तथा निजी भवनहरुको निर्माण गर्दा राष्ट्रिय भवन संहिताको पालनामा जोड दिई निरन्तर अनुगमन गरिनेछ।
- सामुदायिक, विद्यालय भवन, जेष्ठ नागरिक विश्राम गृह, आमा समूह भवन, तथा अन्य संघ संस्थाको भवनको लागि समायोजन भएका विद्यालय तथा अन्य संघ संस्थाका भवनहरुलाई प्रयोगमा ल्याई व्यवस्थापन गरिनेछ र सम्भव नभएमा मात्र निर्माणमा वजेटको व्यवस्था गरिनेछ।
- सबै वडाहरुमा बैकल्पिक उर्जाको आवश्यक व्यवस्था गरिने छ। सौर्य प्रणालीवाट विधुत उत्पादनलाई प्रवर्द्धन गरिनेछ।
- १५ शैयाको अस्पताल तथा शहरी स्वास्थ्य केन्द्रहरुका भवन सम्पन्न गराउने व्यवस्था मिलाइनेछ।
- सबै वडाहरुमा आफ्नै वडा भवन निर्माणको लागि क्रमागत रुपमा व्यवस्था मिलाईनेछ।

## १५. सूचना प्रविधि तथा सञ्चार सम्वन्धी

- नगरक्षेत्रभित्र सञ्चार सेवाको गुणस्तर बढाउन सूचना प्रविधि इकाई मार्फत नियमित रुपमा अनुगमन तथा नियमन गरिनेछ ।
- मोवाईल टेलिफोन नेटवर्कमा सुधार गर्न टेलिफोन टावर स्थापनाका लागि सेवा प्रदायकसँग समन्वय गरी गुणस्तर विकास गरिनेछ ।
- ICT प्रणालीलाई आधुनिक उपकरण उपयोग गरी प्रत्येक नागरिकलाई सुसुचित गरिने छ ।
- सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न नगरपालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्यमवाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ । स्थानीय पत्रिका, एफ एम रेडियो, केवल र टेलिभिजनहरु मार्फत नगरका गतिविधिहरु आवश्यकतानुसार प्रकाशन र प्रसारण गरिनेछ ।
- नगरपालिकाका सम्पूर्ण गतिविधिलाई सहज रुपमा जनतासम्म पुर्याउनका लागि SMART WALING नामक रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गरिनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि सबै वडामा रहेका अनलाईन प्रणालीलाई अझ भरपर्दो र गुणस्तरीय प्रभावकारी बनाईने छ ।
- कार्यालयका कर्मचारी र सेवाग्राहीको बीचमा प्रत्यक्ष भेटघाटको अन्त्य गरी भ्रष्टाचारजन्य गतिविधिको अन्त्यको लागि गेटवे मार्फत भुक्तानीको व्यवस्था मिलाईने छ ।
- नगर भित्रका सामुदायिक रेडियो तथा टेलिभिजन तथा सञ्चार माध्यमहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ । स्थानीय संचार माध्यमहरुको कार्यसम्पादन र प्रभावकारिताको आधारमा साझेदारीको नीति अवलम्वन गरिनेछ ।
- जनताको सु–सूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न सार्वजनिक सुनुवाई, मुखपत्र प्रकाशन, जनतासँग मेयरलगायतका रेडियो/टेलिभिजन/प्रत्यक्ष कार्यक्रम, सार्वजनिक परीक्षण, कार्यालयबाट सम्पादित कार्यहरुको मासिक/चौमासिक/अर्धवार्षिक रुपमा सञ्चालन गरिनेछ ।
- नगरपालिका सम्पूर्ण वडाहरुमा डिजिटल प्रणालीबाट सेवा प्रवाह गर्ने कार्यलाई तीव्रता दिई स्वचालित बनाइने छ ।
- स्थानीय स्तरमा सञ्चालनमा रहेका संचार माध्यममा लोककल्याणकारी विज्ञापनको नीति अवलम्बन गरिने छ ।
- वालिङ नगरमा सञ्चालनमा रहेका संचार माध्यमको स्तरवृद्धिको लागि उपकरण खरिदमा आवश्यक बजेटको व्यवस्था मिलाइने छ ।

- नगर वृत्तचित्र अथवा नगर प्रोफाइललाई डिजिटल रुपमा अपडेट गर्नका लागि थप कार्यक्रम संचालन गरिनेछ।

**१६. वन, वातावरण, भूमि तथा भू.संरक्षण सम्वन्धी**

- जैविक प्रविधि (Bio Engineering) मा जोड दिई सडक, खोला खोल्सामा वृक्षारोपण, बाँस रोपण, रुख तथा बाँसद्धारा तटवन्धन, वृक्षारोपण आदि कार्य गरिनेछ।
- नगरवासीलाई घरको छत र वरण्डामा कौसी खेतीको शुरुवात गरी हरित नगरको अवधारणा साकार पारिनेछ।
- आँधिखोला र त्यसका नदी सञ्जालको व्यवस्थापनका लागि आधुनिक प्रविधि अपनाई वहुउपयोग र संरक्षण गरिनेछ।
- वातावरण संरक्षणका लागि अन्य सरकारी निकाय र विकास साझेदारसँग समन्वय गरी कार्य अगाडि वढाईनेछ।
- नगरपालिका क्षेत्रभित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मूल्यांकन र Bio Engineering को प्रविधि अनिवार्य रुपमा अवलम्बन गरिनेछ।
- सरसफाई र धुलोरहित सडक निर्माणमा ध्यान दिई गुणस्तरीय पक्षका प्रविधिको उपयोग गरिनेछ।
- वन जंगलको विस्तार तथा भूक्षय नियन्त्रणको लागि Indigenous Technology मार्फत स्थानीय प्रजातिका घाँस र विरुवाको प्रयोग गरी वृक्षारोपण कार्यलाई प्रभावकारी बनाइनेछ।
- वन कार्यालय तथा अन्य सम्वद्ध सरकारी तथा गैर सरकारी निकायहरुको साझेदारीमा नर्सरीहरुको स्थापना र विस्तार गरिनेछ।
- उपभोक्ता वन समूहमा रहेको कोषको परिचालनलाई प्रभावकारी बनाउन अनुगमन प्रणालीको विकास गरिनेछ।
- अल्लो, केतुकी, बाँस, बेत लगायतका उत्पादनमुखी तथा जडीबुटीहरुको उत्पादन र बजारीकरणमा जोड दिईनेछ।
- वन क्षेत्रमा कागती तथा फलफूलको ब्यवसायिक खेती गर्न प्रेरित गरिनेछ। बन पैदावारको उपयोगमा ध्यान दिइनेछ।
- वनपैदावार सम्बन्धी तालिमका साथमा वृक्षारोपण र खेतीका लागि हरित सम्पत्ति धितो कार्यक्रम लागू गरिनेछ।
- वन उपभोक्ता समितिबीच वन व्यवस्थापन वनपैदारको उपयोग सम्बन्धमा विद्यालयबीच इन्टर्नसिप लागू गरिनेछ।
- केरा, बाँस, रेसादार वस्तुहरुको उद्यमशीलता प्रर्बद्धन गर्न वस्तुको संकलन र प्रशोधन केन्द्र स्थापनाका लागि प्रविधि हस्तान्तरण गरिनेछ।
- भूउपयोग नीति ऐन तथा कार्ययोजना लागू गरी जमिन व्यवस्थापनमा सहजीकरण गरिनेछ।

- पहिचान भएका सुकुम्बासी, भूमिहीन तथा अव्यवस्थित बसोबास र जीवीकोपार्जन कार्यक्रम लागू गरिनेछ।
- बन, चरनक्षेत्र, सिमसार र जैविक विविधता समेत संबोधन हुने गरी दिगो व्यवस्थापनका लागि जैविक स्रोत संरक्षण अभियानलाई प्राथमिकता दिइनेछ। जलाधार तथा सिमसार क्षेत्रको पहिचान गरी प्रभावकारी संरक्षणको व्यवस्था मिलाईनेछ।
- नदीजन्य पदार्थ जस्तैः ढुंगा, गिट्टी, बालुवाको आंकलन गरी निर्दिष्ट क्षेत्रहरुबाट त्यस्ता वस्तुहरुको उत्खनन, संकलन, प्रशोधन ओसारपसार र विक्रि वितरणलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ।
- प्रत्येक योजना निर्माण गर्दा कम्तिमा उक्त योजनाको लागत मूल्यको २ प्रतिशत Bio Engineering मा बुझाउने व्यवस्था मिलाईनेछ।

## १७. सरसफाई तथा विपद व्यवस्थापन सम्वन्धी

- फोहोरमैला प्रशोधनमा आधुनिक प्रविधि प्रयोग गर्नुको साथै राजमार्गको निश्चित दुरीमा शौचालय र अन्य सुविधा सहितको सेवा केन्द्र सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।
- विकास साझेदार संस्थासँग सार्वजनिक ढल व्यवस्थापन दिसाजन्य लेदो व्यवस्थापनका लागि प्रशोधन प्रणालीको स्थापना कार्य अगाडि बढाइनेछ।
- नगरभित्र घर निर्माणको अनुमति प्रक्रिया उपयुक्त मापदण्डको शौचालय र सेफ्टी ट्याङ्की निर्माणलाई अनिवार्य गरिनेछ।
- नगरपालिकाभित्र सञ्चालनमा रहेको सरसफाई केन्द्रलाई थप व्यवस्थित गर्दै यसको क्षमता वृद्धि गरिनेछ।
- नगरवासीकै सहभागितामा फोहोर उत्पादन कम गर्ने तथा पुन: प्रयोग गर्न जनचेतनामुलक कार्यक्रमलाई टोलटोलसम्म विस्तार गरिनेछ।
- Zero Waste Concept मा गईरहेका फोहरलाई आधुनीक प्रविधि प्रयोग गरी Resource को Multi Purpose Uses को रुपमा उपयोग गर्ने नीति लिईनेछ।
- Faecal Sludge Management लाई व्यवस्थित र सुरक्षित गरी नीति निर्माण गर्ने श्रोतको रुपमा उपभोग गरिनेछ ।
- नगरभित्रका नदी तथा खोलाहरुको स्वच्छतामा विशेष ध्यान दिई नालाको पानी मिसाउँदा Filter गरी मिसाउने व्यवस्था गरिनेछ।

- Resource Management Centre को प्रभावकारितामा अरु वृद्धि गरी यस्ता RMC केन्द्रहरु वडा वडामा विस्तार गरिनेछ ।
- Zero Waste प्रणालीलाई अझ प्रभावकारी बनाई फोहोरवाट आधुनिक प्रविधि अपनाई वहुउपयोगी सामग्री वनाइने छ । Plastic Block, Bitumen अन्य रिसाइक्लीङ विधी अपनाइनेछ ।
- नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगर घोषणा गर्नेतर्फ अभियान अगाडि बढाईने छ र बस्ती क्षेत्रमा ढलको व्यवस्थापनलाई प्रभावकारीरुपमा अगाडि बढाईनेछ ।
- तोकिएका मापदण्ड बाहेकका प्लाष्टिक उत्पादन र प्रयोगमा प्रतिबन्ध र प्लाष्टिकजन्य पदार्थ पुनः प्रयोगको नीति अवलम्बन गरिनेछ ।
- वैकल्पिक उर्जाको रुपमा सौर्य उर्जा, शून्य फोहोर मैलाको रुपमा बायो ग्याँसको विकास गरिनेछ ।
- विपद र महामारीको पूर्व तयारी response का लागि वडास्तरको समेत प्रतिनिधित्व हुने गरी प्रतिवर्ष टोली पुर्नगठन र क्रियाशिल गराइनेछ ।
- विपदको अवस्थामा तत्काल उद्धार लागि Rapid Response Team निर्माण गरी आवश्यक सामग्रीहरुसहित सुरक्षित वासस्थानको व्यवस्थाको लागि बजेटको व्यवस्था गरिनेछ ।
- विपद व्यवस्थापनलाई प्रभावकारी र द्रुत बनाउनको लागि प्रत्येक वडामा उद्धार समितिको गठन गरी चालू आर्थिक वर्ष भित्रमा नै तालिम प्रदान गरिने छ ।
- Hi-Tech प्रविधिको प्रयोग गरी नगरभित्र हुने भूस्खलन, वाढी पहिरो, आगलागि, भुकम्प, आदि प्राकृतिक विपत्तिको Mapping गरिनेछ ।
- विपत्तिबाट तुरुन्त राहत कार्य गर्न नगरपालिका, सशस्त्र प्रहरी, नेपाल प्रहरी र नेपाल रेडक्रससँग समन्वय गरी तुरुन्त प्राथमिक राहत र दीर्घकालीन योजना वनाउन न.पा.मा विपद व्यवस्थापन केन्द्र स्थापना गरिनेछ ।
- वाढी पहिरो आगलागी जस्ता प्राकृतिक प्रकोपवाट प्रभावितलाई तत्काल राहत, औषधोपचार ,खानपान लत्ताकपडा उपलव्ध गराउनको लागि तयारी गरिनेछ ।
- विपद् व्यवस्थापन कोषको वृद्धिको लागि सार्वजनिक, निजी र गैरसरकारी संस्थाहरु संग समन्वय गरिनेछ ।
- विपद्को अवस्थामा तत्काल उद्धार तथा सुरक्षित वासस्थानको पहिचान र व्यवस्थापनको लागि वजेटको व्यवस्था गरिनेछ ।
- विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउनको लागी प्रत्येक वडामा उद्धार गर्न स्वयंमसेवक टोली गठन गरिनेछ ।
- नगरको जोखिम नक्सा Hazard Map तयार गरी नगरभित्रका पहिरो तथा भूक्षयका क्षेत्रहरुमा बायो इन्जिनियरिङ प्रविधिबाट भूक्षय नियन्त्रण गरिनेछ ।

- नगरभित्र देखिन सक्ने विपद् पूर्वतयारी, विपद् व्यवस्थापन, क्षति न्यूनीकरण लगायतका विषयहरुलाई समेटी पूर्व तयारी रणनीति तय गरिनेछ ।
- नगरभित्रका नदी तथा खोलाहरुको उत्खनन कार्यलाई व्यवस्थित गर्नको लागि स्पष्ट मापदण्ड, कार्यविधि, समन्वय लगायत अन्य उपायहरुको अवलम्वन गरिनेछ भने नदी कटानको क्षेत्र व्यवस्थापनको लागि  आवश्यक रणनीति तय गरिनेछ ।
- स्थानीय नागरिकलाई परिवर्तित जलवायु असन्तुलनको जीवनशैली, उत्पादन र उपभोग पद्धतिका कारण उत्पन्न विपदको अध्ययन र अनुसन्धान गरी रणनीत तय गरिनेछ ।
- समुदायकै सहयोगमा जोखिममा परेका बस्तीहरुलाई स्थानान्तरण गर्ने नीति लिइनेछ ।
- विपदबाट उत्पन्न असहज पस्थितिको तत्काल सम्बोधन गर्न नगरमा Rapid Response Team को गठन तथा परिचालन गरिनेछ । Hotline नम्बरहरुको समेत व्यवस्था गरिनेछ ।
- वारुणयन्त्र संचालनका लागि २४ सै घण्टा तयारी अवस्थामा रहने व्यवस्था मिलाईने छ ।
- विपद व्यवस्थापनका लागि विभिन्न संघसंस्था  तथा सरकारसँग  सहकार्य गरी साझेदारीमा प्रभावकारी रुपमा संचालन गर्ने नीतिलाई  निरन्तरता दिइनेछ ।
- पूर्व सूचना प्रणाली जडान गरिनेछ । चट्याङको पूर्व सूचना दिने तथा चट्याङबाट आउने Energy Kill गर्ने उपकरण जडान गरिनेछ ।

**१८ . सामाजिक उत्तरदायित्व सम्वन्धी**

- नगरसभा संचालन कार्यविधि, २०७४ मा उल्लेखित मर्यादा पालन सम्बन्धी विषयहरुको पालनालाई  जोड दिईनेछ ।
- जननिर्वाचित प्रतिनिधिहरुका लागि आचारसंहिताको परिपालनामा जोड दिइनेछ ।
- नगर कार्यपालिकाको वैठकवाट स्वीकृत वालिङ नगरपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीको पूर्ण पालनामा जोड दिईनेछ ।
- संविधान तथा प्रचलित कानून र सामाजिक मान्यताले तोकेका आचारसंहिता तथा मान्यतालाई आत्मसात गरिनेछ ।
- लोकतन्त्र, विधिको शासन तथा जननियन्त्रित कार्यप्रणालीलाई सम्मान गरिनेछ ।

## १९. मानव पुँजी विकास तथा संस्थागत क्षमता विकास सम्वन्धी

- नगर कार्यपालिकालाई आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण (Projection) र दरबन्दी सिर्जना गर्न संगठन र व्यवस्थापन (O&M) अध्ययन प्रतिवेदनका आधारमा गरिने छ।
- नगरपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त, विश्वसनियता, क्षमतायुक्त र प्रभावकारी वनाउदै अत्यावश्यक रिक्त दरवन्दीहरुमा प्रचलित कानून अनुसार पदपूर्ति गरिनेछ।
- सुशासन तथा संस्थागत विकासको लागि आवश्यक कानून, नियम, विनियमावली, कार्यविधि निर्माण गरी आदेशको एकात्मकता (Organizational Chain of Command ) कायम गरिने छ।
- नगर र वडाका सवै कर्मचारीहरुको कार्य विवरण अनुसार कार्यसम्पादन गरिनेछ र मासिक रुपमा कार्य प्रगतिको प्रतिवेदन पेस गर्ने व्यवस्था गरिनेछ।
- हरेक क्षेत्रमा अध्ययन अनुसन्धानको लागि रकम विनियोजन गरिनेछ।
- लक्ष्य तथा नतिजामा आधारित कार्यसम्पादन सम्झौता Result Based Performance) को नियमित समीक्षा गर्ने संयन्त्र र ढाँचा तोकिनेछ।
- नगरपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एवं सेवाग्राहीमैत्री तुल्याउन डिजिटल शासन (Digital Governance) मा जोड दिईनेछ।
- नगरपालिकाको संस्थागत क्षमता वृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणाली (Institutional Memory) लाई व्यवस्थित गर्दै लगिने छ।
- उत्कृष्ट कार्य गर्ने नगरपालिकाका कर्मचारी, करदाता, उपभोक्ता समिति, फोहरमैला व्यवस्थापन समिति, टोल विकास समिति, संचारकर्मीलाई पुरस्कृत (Reward) गर्ने पद्धतिको थालनी गरी यसलाई निरन्तरता दिईने छ।
- नवीन प्रविधिलाई जोड दिदै कागजविहीन शासन (Paperless Governance/Digital Governance) को अवधारणा अवलम्वन गर्दै पूर्वाधार खडा गरिनेछ।
- स्थानिय सरकार सबलीकरण (SNGP) कार्यक्रमको सहयोगलाई निरन्तरता दिइनेछ।

## २०. राजस्व परिचालन सम्वन्धी

- आन्तरिक आय सवल वनाउन राजश्वमा सुधार गर्न राजस्व सुधार कार्ययोजनाको प्रतिवेदनका आधारमा संभाव्यता अध्ययन गरिनेछ।
- संविधानमा उल्लेखित राजस्वका एकल वा साझा कार्यसूची सम्बन्धमा कानून तर्जुमा गरिनेछ।

- आन्तरिक आय वृद्धि गर्नका लागि राजश्व तथा करका विभिन्न क्षेत्रहरुको पहिचान गर्न कर नक्सांकन (Tax Mapping) कार्यमा जोड दिइनेछ।
- आन्तरिक आय वृद्धि गर्न व्यवसाय कर तथा सम्पत्ति कर सम्बन्धी कानून तर्जुमा गरिनेछ।
- नगरभित्रका नागरिकहरुलाई स्वयम् कर घोषणा कार्यक्रमतर्फ प्रेरित गरिनेछ। बहाल बिटौरी तथा विज्ञापन करसम्बन्धी संभाव्यता अध्ययन गरी लागू गरिने छ।
- राजस्व सफ्टवेयरलाई स्तरोन्नति गर्दै नगरभित्र Tax Mapping गरी करदातालाई Tax Tracking Number प्रदान गरिनेछ।
- आन्तरिक स्रोतको अभिवृद्धिका लागि पूर्वाधारको विकास गरि सेवा शुल्कमा आवद्ध गरिने कार्यलाई निरन्तरता दिइनेछ।
- ढुङ्गा, गिट्टी, बालुबा, रोडा, माटो, ग्राभेललगायतका निर्माण सामग्री, हाटबजारलगायतका नगरपालिकाका सम्पत्तिको रुपमा रहेका राजस्वका स्रोतहरुको पहिचान गरी ठेक्कापट्टा लगाउने काम तोकिएको समयमै सम्पन्न गरिनेछ।
- सबैभन्दा धेरै कर दाखिला गर्ने करदातालाई "उत्कृष्ट करदाता" को रुपमा पुरस्कृत गरिनेछ। सबै आर्थिक तथा व्यापारिक क्रियाकलापहरुलाई करको दायरामा ल्याई आन्तरिक आम्दानीको दायरालाई फराकिलो बनाईनेछ।
- राजस्व तथा कर सम्बन्धी नीति तथा कानून निर्माण गर्दा निजी, व्यवसायी, उद्यमी, नागरिक समाजसहित सरोकारवालाहरुसँग व्यापक छलफल गरिनेछ।

## २१. सुशासन सम्वन्धी

नगरको कार्यप्रगतिको नियमित सार्वजनिकीकरण गरी पारर्दशिता प्रणालीको विकास गरिनेछ।

- "आन्तरिक लेखा परीक्षण"लाई प्रभावकारी बनाई आन्तरिक नियन्त्रण प्रणालीमा सुधार ल्याइनेछ।
- रणनैतिक तथा स्थानीय गौरवका आयोजनालाई बहुवर्षीय रुपमा बजेट बिनियोजन गरी पूँजीगत खर्चको न्यूनतम ७० प्रतिशत रकम चैत्र मसान्त भित्रै खर्च गर्ने सुनिश्चिताका लागि नगरपालिकाको आन्तरिक नियन्त्रण परिचालन गरिनेछ।
- प्राकृतिक न्यायको सिद्धान्तमा आधारित रही स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ मा तोकिएको क्षेत्राधिकारभित्र रही न्याय सम्पादन गरिने छ। न्यायिक समितिको काम कारवाहीलाई सर्वसाधारणको पहुँचमा पुऱ्याईनेछ।

- न्यायिक समितिलाई प्रभावकारीरुपमा संचालन गर्न र नागरिकलाई न्यायमा सहज पहुँच पुऱ्याउनका लागि अहिले भैरहेका स्थानिय मेलमिलापकेन्द्र र मेलमिलापकर्ताहरुलाई परिचालन गर्नका लागि थप सीप बिकाश गरि सकृय बनाउने ।
- सूचक तथा परिणामको चेकलिष्ट तयार गरी वार्षिक कार्यक्रम तथा योजना अनुगमन गरिनेछ । योजनाहरुको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरुको सहभागितालाई समेटिनेछ ।
- नगर कार्यपालिकालाई अत्याधुनिक प्रशासनिक केन्द्रको रुपमा विकास गर्दै बगैचा, विद्युतीय पुस्तकालय, फ्रि वाईफाई सुविधाहरु उपलब्ध गराई सौन्दर्यकरण (Beautification) गरिनेछ ।
- चालु खर्चको मापदण्ड बनाई गैरबजेटरी नियन्त्रणमा जोड दिइनेछ । सार्वजनिक खर्चलाई नतिजासँग आबद्ध गर्न मध्यकालीन वित्तीय खाकासँग आबद्ध गरिनेछ ।
- वालिङ नगरपालिकाको नीति तथा योजना परिषद्ले परिमार्जित गरेको वृहत योजना, MTEF, आवधिक योजना र बार्षिक रणनीति योजनालाई नतिजाखाका (Result Matrix) बाट संयोजन गरिनेछ ।
- वित्तीय जोखिम न्युनीकरणका लागि आन्तरिक प्रणाली विकास विकास गरिनेछ । आयोजनाको आर्थिक सामाजिक लाभ विश्लेषण गरी आयोजना बैँक स्थापना गरिनेछ ।
- स्थानीय गौरवका आयोजनाहरुमा लगानीकर्तालाई आब्हान गर्न लगानी सम्मेलन आयोजना गरिनेछ ।
- अनुदानलाई व्यवस्थित र पारदर्शी बनाउन उत्पादन तथा प्रतिफलमा आधारित अनुदान नीति अबलम्बन गरिनुपर्छ ।
- स्वदेशी विदेशी दातृ निकायका सहयोग अनुदानलाई निरन्तरता दिने ।
- सार्वजनिक भुक्तानी प्रणालीलाई विद्युतीय भुक्तानी प्रणालीमा लैजाने नीति लागू गरिनेछ ।
- नगरको राजस्वको संकलन, कार्यकुशलता, कराधार पहिचान, विस्तार क्षमताको कार्य गरिनेछ ।
- स्थानीय उत्पादन र समृद्धिमा जोड दिने गौरवका आयोजनाहरुमा जोखिम कम हुने गरी सार्वजनिक ऋणको स्रोत पहिचान र व्यवस्थापन गरिनेछ ।
- राष्ट्रसेवक कर्मचारीहरुलाई कार्य सम्पादनका स्पष्ट मापनयोग्य सूचक सहितको "कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली" निर्माण गरी कार्य गर्न प्रोत्साहित गर्ने र नगरपालिकामा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने प्रणालीको विकास गरिनेछ ।
- नगरपालिका वा सम्पूर्ण वडाहरुमा डिजिटल प्रणालीबाट सेवा प्रवाह गर्ने कार्यलाई तीव्रता दिई स्वचालित बनाइने छ ।

- नगरपालिका भित्रको दर्ता, चलानी तथा महत्वपूर्ण डकुमेन्टलाई दीर्घकालसम्म जोगाई राख्नका लागि अफिसको स्वचालित (Automation) प्रणालीलाई कार्यान्वयनमा ल्याइनेछ ।
- नगरको नियमनकारी भूमिलाई प्रभावकारी बनाई बजार, बालश्रम, विद्यालय, व्यवसाय दर्ता र संचालन, मदिरा बिक्री वितरण र सेवन, घर निर्माण, सार्वजनिक जग्गाको साँध, सीमाना, ईन्धन डिपो, होटल, दुध डेरी, मासु पसल, औषधी पसल लगायतका नागरिकको जनजीविकासँग सम्बन्धित विषयहरुलाई प्रचलित कानूनको अधिनमा कडाईका साथ अनुगमन गरी स्थानीय सरकारको अनुभूति गराइनेछ ।
- स्थानीय सुरक्षा निकाय र सरोकारवालाहरु बीच सुरक्षा व्यवस्थालाई सवल बनाउन आवश्यक अन्तरक्रिया कार्यक्रमहरु संचालन गरिनेछ ।
- नगरपालिकामा विद्यमान जनशक्तिको लेखा परीक्षण सँगसँगै कार्यसम्पादनका स्पष्ट सूचक निर्माण गरी नगरपालिकालाई “उत्कृष्टताको केन्द्र” (Centre of Excellence) को रुपमा विकास गरिनेछ ।
- नगरपालिकावाट संचालित गतिविधि, विकास कार्यक्रम, सेवा प्रवाहको अधिकतम सार्वजनिक गरी पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गरिने छ ।
- नगरको सेवाप्रति नागरिक सन्तुष्टीको लागि नगरबाट सम्पादन भएका सेवाको नागरिक सर्वेक्षण गरिनेछ । सेवाग्राहीको गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउनमा Vote Pole पद्धति लागू गरिनेछ ।
- सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणलाई प्रभावकारी रुपमा अगाडि वढाईनेछ ।

## २२. युवा विकास सम्बन्धी

- मानवीय पूँजीको (Human Capital) रुपमा युवा वर्गको साहस, सिर्जनाशीलता, आत्मविश्वास, उद्यमशीलताको स्वीकार गर्दै नगरको क्षेत्रगत (Spatial) विकासमा परिचालन गरिनेछ ।
- विभिन्न संघ संस्थाहरुको सहकार्यमा युवा केन्द्रित लैङ्गिक समानता र सशक्तिकरण, लागुऔषध दुर्व्यसन, सकारात्मक सोच, मनोसामाजिक परामर्शजस्ता कार्यक्रम संचालन गरिनेछ ।
- नगरभित्र प्रतिभाको पहिचान (Talent Hunt) गर्दै क्षमतावान र कुशल नागरिकहरुलाई दक्ष र योग्य बनाउनको लागि लगानी गरिनेछ ।
- युवा उद्यमशीलता अनुसन्धानमूलक कार्यक्रममा संलग्नता गराइनेछ । युवा प्रतिभा उद्यमीको सम्मान गरिनेछ ।
- खेलकूद, सामाजिक विकास, वातावरण संरक्षण विपत, प्रकोप व्यवस्थापन सामाजिक तथा आर्थिक रुपान्तरण लगायतका क्षेत्रमा स्वयंसेवकको रुपमा युवाहरु परिचालन गरिनेछ ।

- स्वयंसेवाको महत्वलाई समाज, टोल र बस्तीस्तरमा स्थापित गरी स्वयंसेवाको दायरालाई सामाजिक जीवनका अन्य आयामहरुमा विस्तार गरी समुदायस्तरबाटै स्वयमंसेवी क्रियाकलापहरु अगाडि बढाइनेछ।
- स्वयम् सेवालाई व्यक्तिको जीवन पद्धतिको रुपमा विकास गर्न सबै विद्यालय तथा शिक्षण संस्थालाई आह्वान गरी विद्यार्थीहरुमा स्वयंसेवकको रुपमा परिचालित हुने अवसर सिर्जना गरिनेछ।
- श्रम क्षेत्र तथा सामाजिक कल्याणका क्षेत्रमा स्वयंसेवा कार्यलाई फराकिलो र व्यवहारिक बनाउन नीतिगत खाका तयार गरिनेछ।
- राष्ट्र सेवाको रुपमा लामो अनुभव हासिल गरेका व्यक्तिहरुसँग प्राविधिक, व्यवसायिक एवं व्यवस्थापकीय क्षेत्रमा अध्ययनरत विद्यार्थीहरुसँग अन्तर्किया गरी स्वस्फूर्त परिचालित हुने व्यवस्था मिलाइनेछ।

## २३. स्मार्ट सिटी /आई. सि.टी. सम्बन्धी

- नेपाल सरकारको स्मार्ट सिटीको अवधारणामा रही स्मार्ट नगरको अवधारणा लागू गरिनेछ।
- प्रत्येक वार्ड तथा गाउँमा Internet Connectivity को जालो फैलाईने छ। 'फ्री वाइफाई' क्षेत्र कार्यान्वयनमा ल्याइनेछ।
- सम्पूर्ण सरकारी कार्यालय तथा विद्यालयहरुमा ICT Based Performance System कार्यप्रणाली लागू गरिने छ। Digital Divide लाई कम गर्न Digital शिक्षामा जोड दिईने छ।
- स्मार्ट सिटीको विभिन्न कार्यहरु गर्नको लागि आवश्यक विज्ञ, संघ संस्था, गैर सरकारी संस्था, दातृ निकाय तथा अन्तर्राष्ट्रिय सेवा प्रदायक अन्य आवश्यक क्षेत्रमा सहकार्य तथा समन्वय गरिने छ।
- साइबर डिफेन्स तथा महत्वपूर्ण सूचना प्रणाली (क्रिटिकल पूर्वाधार), सूचना तथा संचार, स्वास्थ्य, शिक्षा आदि क्षेत्रमा प्रयोग भएका प्रविधिहरुको सुरक्षा मापदण्ड अपनाइनेछ।
- सीसीटिभी लगायत डिजिटल प्रविधि तथा नेटवर्कहरू सुरक्षित राख्न विश्वविद्यालय, अन्तर्राष्ट्रिय संस्था र विदेशमा रहेका विज्ञ नेपालीसँगको सहकार्यमा अनुसन्धान गरी, ज्ञान स्थानान्तरण कार्यक्रम ल्याइने।
- सूचनाप्रविधि तथा सुरक्षा प्रणालीको अडिट गरी 'एथिकल ह्याकिङ' लाई प्रोत्साहित गरिनेछ।
- बालबालिका तथा वृद्धवृद्धा लगायत सबै नागरिकलाई साइबर स्वास्थ्य सचेतना कार्यक्रम गरिनेछ।
- नेपाल सरकारले डिजिटल नेपाल फ्रेमवर्क २०१९ ले तोकेका क्षेत्रहरुलाई प्राथमिकता सरकारी डाटाबेस, वेबसाइट तथा सूचना प्रणालीको संरक्षण गरिनेछ।

- नगरभित्र Digital Conference Room स्थापित गरी सार्वजनिक सेवा र नागरिकलाई Virtual माध्यमबाट जोडिनेछ ।
- नगरपालिका नागरिकहरुलाई स्मार्टको आशयसँग परिचित गराई स्मार्ट सिटीको अवधारणा बुझाउन आवश्यक तालिम तथा प्रशिक्षणको व्यवस्था गरिनेछ ।
- वालिङ नगरपालिका भित्रका बजार क्षेत्रमा बाँयटारीदेखि त्रियासीसम्म आवश्यकता र ठाँउ पहिचान गरी कम्तिमा २० स्थानमा समय अनुसार नि:शुल्क वाइफाइका सेवा विस्तार गरिनेछ ।

अन्त्यमा,

जनाधारको अभिमत र सामाजिक तथा आर्थिक परिवर्तनलाई रुपान्तरणको खाकातिर लैजाने कार्यसोचसहित आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । प्रस्तुत नीति तथा कार्यक्रम वालिङको भविष्यको मार्गदर्शक दस्तावेज हो । नगरलाई समृद्ध बनाउन सबै नगरबासीको आ–आफ्नो ठाउँमा उत्तिकै महत्वपूर्ण भूमिका छ । यो नीति तथा कार्यक्रम सरकारी, गैरसरकारी, निजी, सहकारीलगायत विकासका सबै साझेदार वा पक्षधरको लागि मार्गचित्र हो । नगरको विकास सबैको विकास हो । यसैले विकास निर्माणका काममा आ–आफ्नो क्षेत्रबाट सहयोग पुर्याउन र रचनात्मक सुझाव, सल्लाह दिन हामी नगरबासीलाई हार्दिक आग्रह गर्दछौं । हामीले नगरबासीबाट प्राप्त रचनात्मक सुझाव, सल्लाहलाई सधैं आत्मसात गर्नेछौं । विकास निर्माणका काममा हामीहरु सबैको एउटै दृष्टिकोण हुनुपर्छ भन्नेमा हामीहरु दृढ छौं । केन्द्रीय, प्रादेशिक, क्षेत्रगत र स्थानीय योजनाबीच तादाम्यता कायम गरी नगरको सर्वाङ्गीण विकास र समृद्धिको स्पष्ट दृष्टिकोण सहितको दीर्घकालिन योजना निर्माणको पथमा हामी छौं ।

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट उच्चदरको आर्थिक वृद्धि, माहामारीको असर न्यून, सामाजिक आर्थिक क्षेत्र गतिशील भै आर्थिक वृद्धि र पारस्परिक सम्मान र अवसरसहित सामाजिक न्याय कायम हुनेछ । यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सवैबाट सक्रिय सहयोग हुने विश्वास लिएको छु । अन्तमा, वालिङको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण दिदिबहिनी दाजुभाई तथा विकास साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**कृष्ण खाँण**

नगर प्रमुख